हस्तकला क्षेत्र सरकारको सँधै प्राथमिकता रहन्छ : प्रधानमन्त्री | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २२६ • २०८१ साल पुस २७ गते शनिबार (11 January, Saturday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## वडाध्यक्ष सहनीसहित ३ जनालाई जरिवानासहित कैद फैसला




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२४ का वडाध्यक्ष उपेन्द्र सहनीसहित ३ जनालाई भ्रष्टाचारको आरोपमा विशेष अदालतले दोषी ठहर गरेको छ।

वडाध्यक्ष सहनीसंगै वडा सचिव उपेन्द्र साह र कार्यालय सहयोगी विजय मण्डललाई विशेष अदालतले दोषी ठहर गरेको छ।

विशेष अदालतले वडाध्यक्ष सहनीलाई ६ महिना कैद र २ लाख २५ हजार रुपैयाँ जरिवानाको फैसला गरेको छ। त्यस्तै वडा सचिव साह र कार्यालय सहयोगी मण्डललाई जनही १ लाख १२ हजार ५०० रुपैयाँ जरिवाना र ६ महिना कैदको फैसला विशेष अदालतले गरेको छ।

गत भदौं २५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले वडाध्यक्ष सहनी, वडा सचिव साह र कार्यालय सहयोगी मण्डललाई पक्राउ गरेको थियो । उनीहरूले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२४ का एक सेवाग्राहीसंग घर बाटो सिफारिस गरिदिने नाममा घुस लिएका थिए।

सेवाग्राहीसंग आफ्नो जग्गाको घर बाटो सिफारिसका लागि वडाध्यक्ष सहनीले कार्यालयका सहयोगी मण्डलमार्फत साढे ४ लाख रुपैयाँ घुस लिएका थिए।

वडाध्यक्ष सहनी र वडा सचिव तथा शाखा अधिकृत साहले घरबाटो प्रमाणित गरिदिनका लागि सेवाग्राहीसँग साढे चार लाख घुस मागिरहेको भन्दै अख्तियारमा उजुरी परेको थियो।

उजुरीपछि आयोगको बर्दिवासबाट खटिएको टोलीले घुस लिइसकेको अवस्थामा वडाध्यक्ष सहनी, वडा सचिव साह र कार्यालय सहयोगी मण्डललाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानपछि १४ असोजमा मुद्दा दायर गरेको थियो।

आयोगको टोलीले दोषीहरूलाई न्यायिक हिरासतमा राखेर विस्तृत अनुसन्धान अघि बढाएको थियो । विशेष अदालतमा पेश भएको प्रमाण र बयानका आधारमा उनीहरुलाई दोषी ठहर गर्दै फैसला गरेको छ।

### सत्ता गठबन्धनको औचित्यमाथि प्रश्न

# ओली सरकारले स्थायित्व लिन नसकेको टिप्पणी

**टुडे समाचारदाता**

काठमाण्डु । मधेशवादी दल मिल्ने प्रयासमा रहेका बेला सत्तागठबन्धनका घटक दल नेपाली कांग्रेसका नेताहरूले सत्तासहयात्री दल नेकपा एमालेसंग गरिएको गठबन्धनको औचित्यमाथि नै प्रश्न उठाउन थालेका छन् ।

मुख्य सत्तारुढ दल कांग्रेस-एमाले बीच संविधान संशोधनको विषयले चर्चा पाएसंगै थ्रेसहोल्ड बढाउन आन्तरिक तयारी थालिरहँदा मधेश केन्द्रित दलहरु मोर्चाबन्दी गर्ने नजिकमा पुगेका छन् ।

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल कांग्रेस र दोस्रो ठूलो दल एमालेको सहकार्यमा सरकार गठनको ६ महिना नकट्दै अविश्वास देखा परेको छ । एकले अर्कोमाथि अविश्वास गर्ने र आलोचनाको क्रम पनि यसैसंग शुरु भएको छ। एमालेभित्र कांग्रेसको दबाबबाट सरकारले निर्णय लिनुपरेको भन्दै चर्चा परिचर्चा हुन थालेको छ भने कांग्रेसभित्र पनि प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले काम गर्न नसकेको टिप्पणी भइरहेको छ। सार्वजनिक रूपमा उनीहरूले सो निर्णय गर्न थालेपछि एमाले र कांग्रेसको सहकार्यको भविष्यमाथि पनि प्रश्न उठ्न थालेको छ। असार १७ मा कांग्रेस र एमालेबीच सातबुँदे सहमति भएको थियो।

सोही सहमतिमा उल्लेख भएका चारवटा बुँदा कार्यान्वयवन नभएको कांग्रेसका नेताहरूले बताउन थालेका छन् । कांग्रेस इतरसमूहका नेताहरूले सरकारको आलोचना शुरुदेखि नै गरिरहेका छन् । पछिल्ला दिनमा सभापति शेरबहादुर देउवानिकट नेताहरू पनि आलोचना गर्न थालेका छन् । नेता डा. शेखर कोइरालानिकट केन्द्रीय सदस्य



गोविन्द पोखरेलले सार्वजनिक रूपमा सहमतिका चारबुँदा खण्डित भएको बताए । पुस २५ मा नेता पोखरेलले भनेका छन्, 'गठवन्धन गरिएको सात बन्धनमध्ये चारवटा खण्डित भयो। संविधान संशोधन, सुशासन कायम, अर्थतन्त्र उकास्ने, वैदेशिक सम्बन्ध सुधार्नेलगायतका कामहरुमाथि पनि प्रश्न उठेको छ ।

उनले सत्ता सहकार्यमाथि कडा टिप्पणी गरेको अर्कोदिन पुस २६ मा देउवानिकट नेता तथा पूर्वपराष्ट्रमन्त्री एनपी साउद पनि सरकारको विरोधमा उत्रेका छन्।

साउदले सरकारले स्थायित्व लिन नसकेको टिप्पणी गर्न थालेका छन्। उनले भनेका छन्, 'सरकार स्थायी भएर विकासका मुद्दामा केन्द्रित हुन सकिरहेको छैन । हामीले विकासका प्राथमिकताको निर्धारण गर्न आवश्यक छ।' उनले सरकारमाथि टिप्पणी गर्ने क्रममा भनेका छन्, 'अहिलेको गठबन्धनको सरकारले सुशासन कायम गर्न, भ्रष्टाचारको अन्त्य गर्न, विकास निर्माण र संविधान संशोधनका मुद्दामा केन्द्रित हुनुपर्छ।'

डा. शेखर कोइरालाले सुरुवाती चरणदेखि नै ओली सरकारको आलोचना गरिरहेका छन् । गठबन्धनको औचित्यमाथि प्रश्न उठाउँदै कोइरालाले नैतिक प्रश्न पनि उठाउँदै आएका थिए । संसदका दुई मुख्य दल मिलेर गठबन्धन बनाउने सोचमै समस्या रहेको भन्दै कोइरालाले निरंकुशता हाबी हुने बताए । एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले केन्द्रीय कमिटी बैठकमा ०८७ मा पछि मात्रै संविधान संशोधन गर्ने धारणा राखेको सार्वजनिक भएपछि थप आक्रोश देखिन थालेको छ। कांग्रेस नेता डा. मीनेन्द्र रिजालले प्रधानमन्त्री ओलीको सो धारणापछि सत्ता गठबन्धनको औचित्यमाथि नै प्रश्न उठेको टिप्पणी गरे।

नेता रिजालले प्रधानमन्त्री ओलीले सातबुँदे सहमतिको मुख्य उद्देश्य नै अहिले आवश्यक छैन भनेपछि संसदीय व्यवस्थामा किन कांग्रेस र एमाले एक ठाउँमा रहनुपर्ने भन्ने प्रश्न पनि गरे।

एमालेका नेताहरूले सार्वजनिक रूपमा कांग्रेसलाई जवाफ नदिए पनि प्रधानमन्त्री ओलीले कांग्रेसका एजेण्डा मात्रै पूरा गरिरहेको जिकिर गर्न थालेका छन्। उनीहरूले प्रधानमन्त्री एमालेको भए पनि निर्णयजति कांग्रेसको गर्नुपर्ने दबाबमा रहेको बताउन थालेका छन् । एमाले नेताहरूको भनाइमा रास्वपा सभापति रवि लामिछाने पक्राउ, राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश, टीआरसी गठन, प्रहरीको सरुवा बढुवा, भारत र चीनसँगको सम्बन्ध, मन्त्रीहरू हेरफेरलगायतका विषयमा कांग्रेसको दबाबमा निर्णय लिनुपरेको एमालेवृत्तमा चर्चा भइरहेको छ । ओलीले लामिछानेलाई पक्राउ गर्न चाहेका थिएनन् । तर, कांग्रेसको दबाबमा पक्राउ गर्नुपरेको कुराहरु पनि सार्वजनिक हुन थालेको छ । ओलीको चाहना राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने रहे पनि कांग्रेस सभापति देउवाको असहमतिका कारण रोकिएको थियो।

मुख्य दल आरोपप्रत्यारोपमा लागिरहँदा मधेश केन्द्रित दलहरू भने आन्तरिक रुपमा गठबन्धन बनाएर मोर्चाबन्दी गरी थ्रेसहोल्डविरुद्ध आन्दोलन गर्ने मुडमा देखिन्छन् । उनीहरूले सत्ता गठबन्धन गर्नुपर्ने औचित्यमाथि पनि प्रश्न उठाउन थालेका छन् ।






# शीतलहरले जनजीवन प्रभावित



जलेश्वर। विगत पाँच दिनदेखि अविरल रुपमा चिसो स्याँठ चल्नुका साथै शीतलहरले महोत्तरीसहित तराई मधेसमा जनजीवन प्रभावित भएको छ। लगातारको चिसो वायुले तराईका जिल्लामा दैनिक रुपमा जाडो बढेको बढ्यै भएपछि जनजीवन प्रभावित भएको हो।

निरन्तरको चिसो कठ्याग्रिँदो हावा, शीतलहर, हुस्सु र बाक्लो कुहिरोका कारण पशुचौपाया तथा बालीनाली समेत प्रभावित बनेका जलेश्वर- ७ का वीरेन्द्र शर्माले बताउनुभयो। चिसोकै कारण सदरमुकाम जलेश्वरमा नागरिकको चहलपहलमा कमी आएको छ। बाक्लो कुहिरोका कारण यातयातका कमै चल्न थालेका छन्।

जिल्लाका विभिन्न बजारमा बाक्लो ऊनी कपडाको बिक्रीमा बढोत्तरी भएको छ। चिसोले हाट बजारमा चहलपहल घटेको छ। चिया व्यापार भने बढेको जलेश्वर नगरपालिका-१ का चिया पसले उमेश साहले बताउनुभयो।

चिसोकै कारण जिल्लाका विभिन्न स्वास्थ्य केन्द्र तथा जिल्ला अस्पतालमा बिरामीको स_ख्या ह्वात्तै बढेको चिकित्सकहरु बताउँछन्। जाडोबाट सबैभन्दा बढी बालबालिका, वृद्धवृद्धा र सुत्केरी प्रभावित भएका छन्। चिसोको कारण बालबालिका, वृद्धवृद्धा र सुत्केरीमा रुघाखोकी, ज्वरो, दम, हातगोडा सुनिने, दुख्ने लगायतका समस्या देखिएको छ।

जाडोबाट बच्न ठाउँठाउँमा स्थानीयले आगो बालेर घुर तापिरहेका छन्।

जाडोकै कारण ग्रामीण भेगमा बस्तुभाउलाई समेत समस्या भएको जलेश्वर-१० का सहदेव मण्डलले बताउनुभयो।रासस

# पाँच हजार आठ सय बढी फरार प्रतिवादी पक्राउ

काठमाण्डु। नेपाल प्रहरीले पछिल्लो पाँच महिनामा देशभरबाट पाँच हजार आठ सय ४६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

अदालतकाे आदेश कार्यान्वयनका क्रममा विभिन्न आपराधिक क्रियाकलापमा संलग्न भई फरार रहेका प्रतिवादीलाई पक्राउ गरिएको नेपाल प्रहरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार चालु आवमा फरार प्रतिवादी पक्राउ गर्ने अभियान सञ्चालन गरिएको हो।

प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले साउनदेखि मङ्सिरसम्म पक्राउ परेकामा सबैभन्दा बढी मधेश प्रदेशका एक हजार पाँच सय ९४ प्रतिवादी रहेका जानकारी दिनुभयो। काठमाडौं उपत्यकाबाट एक हजार दुई सय ५३ जना प्रतिवादी पक्राउ परेका छन्।

कोशीबाट सात सय ३५, बागमतीबाट दुई सय ६५, गण्डकीबाट पाँच सय छ, लुम्बिनीबाट एक हजार ३५, कर्णालीबाट एक सय ६९ र सुदूरपश्चिम प्रदेशबाट दुई सय ३५ फरार प्रतिवादीलाई पक्राउ गरी अदालतमा पेस गरिएको प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।रासस

# बर्दिवासमा छुट्टाछुट्टै दुर्घटना

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको बर्दिवासमा भएको छुट्टाछुट्टै तीन ठाँउमा भएको मोटरसाइकल दुर्घटनामा पाँच जना घाइते भएका छन्।




जिल्लाको बर्दिवास १४ स्थित पूर्वपश्चिम लोकमार्गमा विपरीत दिशातर्फ गइरहेको दुई वटा मोटरसाईकल आपसमा ठक्कर खाँदा दुवै चालक घाइते भएको महोत्तरी प्रहरीले जनाएको छ।

इलाका प्रहरी बर्दिवासले जनाए अनुसार १२ प ७३१६ नं मोटरसाइकलबाट सर्लाहीतर्फ जाँदै गरेका धनुषा गणेशमान चारनाथ ६ गोदारका ३९ वर्षीय राकेशलाल कर्णको बायाँ खुट्टा भाँचिएको छ। त्यस्तै बाप-०२-०५४ प ६९८४ नम्बरका मोटरसाइकलबाट पूर्वतर्फ आउँदै गरेका महोत्तरी गौशाला १ का १६ वर्षीय राकेश सिंहको दाहिने हात भाँचिएको इप्रका बर्दिवासले जनाएको छ।

बर्दिवास- जलेश्वर फिडर रोडको वडा नं १४ तामाङ टोलस्थित भित्री सडकमा बा ३३ प ९५२१ नंको स्कुटरले ठक्कर दिँदा ७ वर्षीय पैदल यात्रु संस्कार तामाङ घाइते भएको प्रहरीले जनाएको छ।

बालक तामाङको दुबै हात र खुट्टामा चोट लागेको जनाइएको छ। घाइतेहरुलाई बर्दिवासस्थित शुभ स्वस्तिक अस्पतालमा भर्ना गरिएको छ। घाइतेहरुको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। यसअघि राति ९ बजेतिर बर्दीबास १ स्थित पूर्वपश्चिम लोकमार्गमा पश्चिमतर्फ जाँदै गरेको स ९ प ७०३७ नंको मोटरसाइकलले ठक्कर दिँदा एक पैदल यात्री घाइते भएका छन्।

दुर्घटनामा घाइते सिराहा धनगढी १३ का ५० वर्षीय पैदल यात्री गोपाल मिझारको अवस्था गम्भीर रहेको छ। उनको टाउको र छातीमा गम्भीर चोट लागेको छ। सोही दुर्घटनामा परी महोत्तरीको सोनमा- ५ खयरवन्नीका २४ वर्षीय मोटरसाइकल चालक अखिलेशकुमार महतोको ओठ, खुट्टा र टाउकोमा चोट लागेको छ।

इलाका प्रहरी बर्दिवासका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जनाए अनुसार अवस्था थप गम्भीर भएपछि मिझारलाई जनकपुरधामस्थित जानकी हेल्थ केयरबाट काठमाण्डु ट्रमा सेन्टर लगिएको छ। भने अर्को घाइते महतोको सोही असपतालमा उपचार भइरहेको उनले बताए। दुर्घटनामा संलग्न ४ वटै मोटरसाइकललाई बर्दिवास प्रहरीले नियन्त्रणमा रहेको जनाइएको छ।

# पिकअप र ट्रैक्टर प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

रौतहट। अवैध रुपमा किटनाशक औषधि र गहुँ लोड भएको दुई वटा पिकअप र ट्रैक्टर रौतहट प्रहरीले नियन्त्रणमा लिएको छ

प्रहरीको गस्ती टोलीले गौर नगरपालिका-५ स्थित सिया



प्यालेस होटल अगाडि ना २ च ७७६१ नम्वरको पिकअप गाडीमा किटनाशक औषधि लोड भइरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ।

सोही स्थानबाट गहुँ लोड भएको ना २ च १६५० नम्बरको ट्रैक्टरसमेत नियन्त्रणमा लिइ अनुसन्धान थालेको जिल्ला प्रहरी गौरका प्रहरी निरीक्षक उमाशंकरप्रसाद गुप्ताले जानकारी दिए।

जिल्लाको गौर-५ का पिकअप चालक सञ्जीव यादव र ट्रैक्टर चालक सुनिल यादवलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको प्रहरी निरीक्षक गुप्ताले बताए। उनले बरामद गरिएको सामान जाँच गर्दा बिलविजक फरक देखिएपछि थप अनुसन्धान र कारबाहीका लागि आन्तरिक राजस्व करदाता कार्यालय गौरमा जिम्मा लगाएको छप्रहरीले बरामद गरेको औषधि र गहुँ भारतबाट ल्याइ रहेको बताए।

# कांग्रेसका ३७ विभागमा सचिवहरू मनोनित

काठमाण्डु। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको विधान बमोजिम पार्टीको ३७ विभागमा सचिव मनोनित गर्नुभएको छ।



उहाँले शुक्रबार प्रदेश समन्वय विभागको सचिवमा डा रघु काफ्ले, महिला विभागमा कविता इटनी, सूचना, सञ्चार तथा प्रचार विभागमा गोपाल झा, वातावरण तथा जलवायु परिवर्तन सरोकार विभागमा इञ्जिनियर समीक्षा चौधरी, उद्योग तथा व्यापार विभागमा ध्रुव खड्का, सहकारी विभागमा चन्द्रप्रसाद ढकाल, पेशागत तथा वुद्धिजीवी विभागमा विजय तुम्वाहाम्फे, तराई-मधेस समन्वय विभागमा मनोजकुमार दास, दलित समुदाय समन्वय र सशक्तिकरण विभागमा दीपक सोनी, धर्म-संस्कृति समन्वय विभागमा इन्द्रमान तुलाधर, वित्तीय संस्था समन्वय विभागमा सिए दिलमानसिंह चन्दलाई मनोनित गर्नुभएको पार्टी कार्यालयले जनाएको छ। त्यसैगरी थारू विभागमा हल्लुप्रसाद चौधरी, द्वन्द्व व्यवस्थापन तथा मेलमिलाप विभागमा हेमलाल पुन, स्थानीय तह समन्वय विभागमा लेखनाथ पोखरेल, निर्माण व्यवसाय समन्वय विभागमा एडी लामा, कानुन विभागमा अधिवक्ता कलमबहादुर खत्री, खेलकुद विभाग राजन केसी, शुभेच्छुक संस्था समन्वय विभागमा निर्मला क्षेत्री, संसदीय मामिला विभागमा वासु कार्की, गैरसरकारी संस्था समन्वय विभागमा प्रल्हादवावु पन्त, आदिवासी जनजाति विभागमा पासाङ शेर्पा, भू.पू. सैनिक विभागमा सुनिता लामिछाने, स्वास्थ्य विभागमा ईश्वर कार्की मनोनित हुनुभएको छ।

पिछडिएको क्षेत्र समन्वय विभागमा उत्तम सिम्खडा, आपूर्ति तथा उपभोक्ता विभागमा मनोहरि तिवारी, श्रमिक तथा ट्रेड युनियन विभागमा डीपी अर्याल, आर्थिक नीति तथा योजना विभागमा नवीन खनाल, विज्ञान तथा सूचना प्रविधि विभागमा इ.सरोज धिताल, पुस्तकालय तथा पार्टी अध्ययन-स्रोत केन्द्र विभागमा विपिन किरण, अपाङ्गता भएका व्यक्ति र समुदाय समन्वय एवं उत्प्रेरणा विभागमा भोजराज श्रेष्ठ, भूमि व्यवस्था तथा भूमिहिन, अव्यवस्थित बसोबास समन्वय विभागमा वीरेन्द्र थापा, व्यावसायिक सीप विकास विभागमा सुभाष कोइराला, पूर्वआप्रवासी समन्वय विभागमा सुभाषप्रसाद लोहनी, साहित्य, कला तथा संस्कृति विभागमा रिसवदेव घिमिरे, बालबालिका तथा किशोर-किशोरी समन्वय विभागमा रञ्जिता यादव, मानव अधिकार विभागमा डा वासुदेव गिरी र उद्यमशीलता र साना तथा मझौला व्यवसायी विकास विभागमा खगेन्द्र आचार्य मनोनित हुनुभएको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।रासस

# रौतहटमा हात्तीको उपद्रोबाट स्थानीय त्रसित

चन्द्रपुर। लामो समयदेखि रौतहटमा पर्सा राष्ट्रिय निकुञ्जबाट आएका जङ्गली हात्तीले उपद्रो मच्चाउँदा स्थानीय त्रसित बनेका छन्। हात्तीले रौतहटको चन्द्रपुर, गुजरा, बृन्दावन र फतुवा विजयपुर नगरपालिकाको विभिन्न वडामा दिनहुँजसो उपद्रो मच्चाइरहेका छन्।

विगत वर्षमा केही दिन आएर बसेर जाने जङ्गली हात्ती यस वर्ष भने असारदेखि नै यसै क्षेत्रमा बसेर उपद्रो मच्चाइरहेको स्थानीयले बताएका छन्। हात्तीले मकैबारी, केराबारी, आलुबारी, गहुँबारीका साथै घर नै भत्काउन थालेका छन्। हात्तीले बढीजसो केराबारी नष्ट गरेको पाइएको छ।

हात्तीको बथानले रौतहटको चन्द्रपुर-३ गैँडाटार र चन्द्रपुर ३ जुडिबेलामा लगाइएको केराखेतीमा क्षति पुऱ्याएको छ।



हात्तीले पटक-पटक गरेर करिब एक बिघामा लगाएको केराखेती नष्ट गरेको चन्द्रपुर-३ गैँडाटारका किसान लालबाहादुर दोङले जानकारी दिनुभयो। फल्ने बेला भएको करिब सात सय केराको बो नष्ट गरेको उहाँको गुनासो छ। दोङले चन्द्रपुर-२ जुडिबेलामा जमिन भाडामा लिएर केराखेती गर्दै आउनुभएको छ। केराखेतीको बीमा नहुँदा समस्या भएको उहाँको भनाइ छ। जुडिबेलामा उहाँसहित हर्क घिसिङ, चमेली मायालगायतको बिघौँबिघा जमिनमा लगाएको केराबारी हात्तीले नष्ट गरेको छ।

यसैगरी चन्द्रपुर-३ गैँडाटारमा पनि हात्तीले केराबारीमा विध्वंस मच्चाएको छ। सो गाउँका हरि शरण गौतमको १३ कट्ठामा लगाएको चार सय बोट, दीपक गौतमको ८५ बोट, सम्पूर्ण चौहानको दुई सय ५० बोट र अनिल भण्डारीको ५० बोट केरा नष्ट गरेको स्थानीय दीपक गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार खडानन्द गौतमको पाँच कट्ठाको मकै, सोमप्रसाद गौतमको तीन कट्ठाको मकै र बाबु योञ्जनको चार कट्ठाको मकैखेतीमा हात्तीले क्षति पुऱ्याएको छ।

हात्तीको बथानले चन्द्रपुर नगरपालिकामा आठ र फतुवा विजयपुर नगरपालिका-११ मा चार घर भत्काएको छ।

हात्तीले चन्द्रपुर-३ गैँडाटारमा सात र वडा नम्बर २ जुडिबेलामा एउटा घर भत्काएको स्थानीयले जानकारी दिएका छन्। गैँडाटारमा सन्तबहादुर रुम्बा, मीना राई, छेनामसिंह लोप्चन, बली माया लोप्तन, बोम्जन साइँला, सुबास ठोकर र साइँला गोलेको घर हात्तीले भत्काएको स्थानीय राजु धामीले जानकारी दिनुभयो।

यसैगरी कालापानी सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा निर्माण गरेको उद्यान र पानीघट्टमा पनि हात्तीले क्षति पुऱ्याएको छ। फतुवा विजयपुर नगरपालिका-११ भैसही र बुटवा बस्तीमा हात्तीले चार घर भत्काएको छ। स्थानीय विजय चौधरीका अनुसार उदय चौधरी, मिलन मगर, हरिशरण मैनालीलगायत स्थानीयको घरमा हात्तीले क्षति पुऱ्याएको हो।

हात्ती नियन्त्रण गर्न डिभिजन वन कार्यालयका प्रमुख हेमन्तप्रसाद साहले 'इनालाइजर' (वन्यजन्तुलाई हल्का झट्का दिने उपकरण) प्रयोग गर्नुपर्ने बताउनुभएको छ।

हात्तीले उपद्रो मच्चाउन थालेपछि रोकथामका लागि सो उपकरण प्रयोग गर्नुपर्ने उहाँले बताउनुभयो। पर्सा राष्ट्रिय निकुञ्ज अमलेशगञ्जका प्रमुख रामचन्द्र खतिवडासँग परामर्श गरेर सो 'इनालाइजर' प्रयोग गर्नु नै हात्ती रोक्ने मुख्य उपाय भएको उहाँले बताउनुभयो। 'इनालाइजर' खरिद गर्न चन्द्रपुर र फतुवा विजयपुर नगरपालिकामा सहयोगका लागि आफूले पत्राचार गरेको प्रमुख साहले बताउनुभयो।

हात्तीले क्षति पुऱ्याएका व्यक्तिलाई डिभिजन वन कार्यालयले क्षतिपूर्ति दिने भएको छ। हात्तीको आक्रमणबाट ज्यान गुमाएका, घाइते भएका, घर भत्काएका, बालीमा क्षति भएको यकिन गरेर क्षतिपूर्ति दिने प्रावधान रहेको प्रमुख साहले बताउनुभयो। रासस

# करणीको आरोपमा एक पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा एक बालिकालाई करणी गरेको आरोपमा एकजनालाई प्रहरीले पक्राउ गरेको छ।

धनुषाको मिथिला नगरपालिका-८ स्थित जमुनिवासमा बालिकालाई करणी गरेको आरोपमा एक जनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता बरुणबहादुर सिंहले पीडित पक्षको भनाइको आधारमा बिहीबार राति एक जनालाई नियन्त्रणमा लिएको जानकारी दिए।

अहिले अनुसन्धान चलिरहेकाले ठयाक्कै केही भन्न नसकिने बताउँदै उनले अनुसन्धान चलिरहेको बताए।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक
मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।
गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



साताको तस्विर : खाली बेन्चमा आराम गर्दै कुकुर ।  तस्विर : संजय कुमार यादव

## तराईमा शीतलहरः
# बढ्दो जोखिममा पूर्वतयारी सुस्त

काठमाण्डु । यतिबेला चिसो बढेसँगै तराईका विभिन्न जिल्लामा शीतलहरको जोखिम छ । लगातार पाँच दिनदेखि हुस्सुले ढाकेको तराईका जिल्लामा चिसो बढेसँगै शीतलहरको असरबाट बच्नका लागि पर्याप्त पूर्वतयारी हुनसकेको छैन । शीतलहरका कारण ११ वर्षको अवधिमा करिब एक सय १६ जनाले ज्यान गुमाएको सरकारी तथ्याङ्क छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २०६८ सालदेखि २०७९ पुस १३ (११ वर्ष)मा एक सय १६ जानाले ज्यान गुमाएका हुन् । प्राधिकरणको तथ्याङ्कानुसार शीतलहरका कारण सबैभन्दा बढी रौतहटमा ६३ जनाले ज्यान गुमाएका छन् । सप्तरीमा १९, महोत्तरीमा १५, सिराहामा ११, धनुषमा चार, बारामा दुई र झापा र नवलपरासीमा एक-एक जना गरी एक सय १६ जनाको मृत्यु भएको छ ।

प्राधिकरणको तथ्याङ्कानुसार २०६८ साल वैशाखदेखि चैतसम्ममा मात्र ६६ जनाको मृत्यु भएको थियो । यसैगरी २०७४ मा ४८ जनाको शीतलहरका कारण मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ । विसं २०६८ र २०७४ बाहेक अन्य वर्षमा शीतलहरकै कारण मृत्यु नभए पनि आगो, हिटर ताप्दा भने सर्वसाधरणको मृत्यु भएको प्राधिकरणले जनाएको छ ।

शीतलहरको जोखिम भएका क्षेत्रमा जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम जस्तै बाक्लो लुगा, कम्बल वितरण प्रभावकारी गर्न नसक्नु, पूर्वतयारीमा राज्यको लगानी न्यून रहनु तथा शीतलहरबाट सर्वसाधरणलाई बचाउन पर्याप्त तयारी नहुँदा कयौँ मानिसले अकालमा ज्यान गुमाउनुपरेको छ ।

पछिल्लो समय भने शीतलहरकै कारण मृत्यु भए पनि पुष्टि गर्न झन्झटिलो बनेको छ । अब भने कुनै अस्पताललले शीतलहरकै कारण मानिसको मृत्यु भएको हो भन्ने कुरा कुनै अस्पतालको डाक्टरबाट नै पुष्टि हुनुपर्ने बताउनुहुन्छ, प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराई । "पछिल्ला वर्षहरूमा शीतलहरका कारण मृत्यु भएको तथ्याङ्क छैन, अबचाहिँ डाक्टरले नै शीतलहरका कारण मृत्यु भएको हो भनेर पुष्टि गरेमा मात्रै तथ्याङ्क रहने भयो", उहाँले भन्नुभयो, "शीतलहरकै कारण मृत्यु भएको हो भनेर पुष्टि गर्न गाह्रो भएपछि चिकित्सकले नै पुष्टि गर्नुपर्ने व्यवस्था गरिएको हो । नत्र चिसोमा अन्य कारण पनि मृत्यु हुन्छ । निमोनिया, हृदयघात तथा अन्य रोगका कारण पनि मृत्यु हुनसक्छ ।"

उहाँका अनुसार शीतलरमा न्यायो कपडा वितरण गर्नेजस्ता पूर्वतयरीको जिम्मा स्थानीय तहलाइ दिइएको छ । स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपर्ने भट्टराईको भनाइ छ । तराईमा शीतलहरको अवस्था आएमा सूचना प्रवाह गरिने बताउनुहुन्छ, जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेल ।

### यी हुन् प्रभावित जिल्ला

प्राधिकरणका अनुसार बढी प्रभावित जिल्लामा सुनसरीको दक्षिणी भाग, सप्तरी, सिरहा, धनुषा महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासीपश्चिम र कपिलवस्तु गरी ११ जिल्ला छन्भने झापा, मोरङ, उदयपुर, चितवन, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायत जिल्ला भने कम प्रभावितमा पर्छन् ।

### दाउरा वितरण

वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशका सचिव उद्धवबहादुर घिमिरेले उक्त प्रदेशअन्तर्गत आठ जिल्लाका डिभिजनल वन कार्यालयलाई प्रभावित क्षेत्रमा दाउरा वितरणका लागि निर्देशन दिइएको जानकारी दिनुभयो ।

"प्रभावित क्षेत्रमा दाउरा वितरणका लागि आठ जिल्लामा रू १०-१० लाख पठाइएको छ", उहाँले भन्नुभयो, "यसबाहेक पनि डिभिजनल वन कार्यालयले आफ्नो तरिकाले दाउरा वितरण गरेको छ । हामीले घरैपिच्छे वितरण गर्दैनौं, मानिस भेला भएर ताप्नका लागि समूहमा दाउरा वितरण गरिरहेका छौं ।"



### जलवायुको असर

जलवायुविद् मञ्जित ढकालले जलवायु परिरवर्तनको असरका कारण मौसममा अनियमितता हुने र शीतलहरका असर बढ्नेजस्ता समस्या उत्पन्न हुने बताउनुभयो । "जलवायु परिवर्तनका कारण तापमान वृद्धि भइरहेको छ, तापमान वृद्धिका कारण गर्मी मात्र बढ्छ भन्ने होइन, चिसोमा धेरै चिसो र तातोमा धेरै गर्मी हुने भन्ने हो", उहाँले भन्नुभयो, "शीतलहरका साथै अहिले तराईमा हुस्सुको समस्या पनि बढिरहेको छ । बाक्लो हुस्सु लाग्दा हवाई यातायतमा समस्या देखिएको छ ।"

ढकालले जलवायुजन्य जटिल समस्याबाट उत्पन्न हुने विपद् न्यूनीकरण गर्नुपर्ने र जलवायु अनुकूलनका कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

### स्थानीय तहको क्षमता अभिवृद्धिमा जोड

शीतलहरजस्ता विपद् व्यवस्थापनका कार्य गर्ने अधिकार स्थानीय तहलाई दिए पनि उनीहरूको क्षमता अभिवृद्धि, पूर्वसूचनामा बेवास्ता, अन्य कार्यलाई बढी प्राथमिकता दिँदा शीतलहरजस्ता विपद् व्यवस्थापनको कार्य प्रभावकारी हुनसकेको छैन । राज्यले पनि कम प्राथमिकतामा राख्दा पूर्वतयारीमा लगानी न्यून रहेको सरोकारवालाको गुनासो छ ।

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले शीतलहर चलेको भन्ने जानकारी राख्ने क्षमता स्थानीय तहलाई नभएकाले उनीहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक भएको बताउनुभयो । "शीतलहरको अवस्था आउँदैछ भन्ने जानकारी स्थानीय तहलाई हुँदैन, दुई वा सोभन्दा बढी दिनसम्म आए बुलेटिन प्रकाशन गर्ने बताउनुभएको छ । "यदि भिजीबिलिटी दुई दिनसम्म १५ सय मिटरभन्दा कम भयो र अधिकतम् र न्यूनतम तापक्रम पाँच डिर्ग्री सेल्सियसको फरक दुई वा सोभन्दा बढी दिन भएमा शीतलहर घोषणा गर्ने मापदण्ड छ", उहाँले भन्नुभयो । उहाँका अनुसार गत वर्ष शीतलहर भएको थिएन ।

### दाउरा र हिटर बाल्दा आगलागीको डर

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले शीतलहरका समयमा आगलागीका घटना बढेको भन्दै दाउरा र हिटर प्रयोग गर्दा सतर्कता अपनाउन सचेत गराएको छ ।

प्राधिकरणका अनुसार चिसोको समयमा हिटर बालेर सुत्ने, दाउरा तथा कोइला बाल्दा आगलागीका घटना बढ्ने गरेको छ । विपद् व्यवस्थापनविद् डा उप्रेतीले चिसोको समयमा दाउरा तथा कोइला ताप्दा हुने आगलागीका घटना बढिरहेकामा चेतना जगाउन आवश्यक रहेको बताउनुभयो ।

### शीतलहरमा स्वास्थ्यमा समस्या

शीतलहरका बेला विषेश सतर्कता अपनाउन चिकित्सकले सुझाव दिएका छन् । जनस्वास्थ्यविद् डा समिर अधिकारीले अचानक तापक्रम न्यून हुँदा निमोनिया हुने, छालाको समस्या, रूघाखोकी लाग्नेदेखि दीर्घरोगसमेत लाग्ने हुँदा विशेष सतर्कता अपनाउन आवश्यक रहेको बताउनुभयो ।

"तापक्रम कम भएर शीतलर चल्दा पैताला, टाउको, घाँटी, छाती र हातबाट शरीरमा चिसो पस्छ, जसले गर्दा छाला चिलाउने, सुन्निने, रातो हुन्छ । यसका साथै झाडापखाला, बाथरोग लाग्ने, जीउ दुख्ने,

> शीतलहरको जोखिम भएका क्षेत्रमा जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम जस्तै बाक्लो लुगा, कम्बल वितरण प्रभावकारी गर्न नसक्नु, पूर्वतयारीमा राज्यको लगानी न्यून रहनु तथा शीतलहरबाट सर्वसाधरणलाई बचाउन पर्याप्त तयारी नहुँदा कयौँ मानिसले अकालमा ज्यान गुमाउनुपरेको छ ।

तराईको तापक्रम १० डिग्रीले तल रहेमा शीतलहर आउँछ । पाँच दिनदेखि तराईमा न्यूनतम सातदेखि १२ डिग्री ससेल्सिस छ", उहाँले भन्नुभयो, "तर शीतलहर घोषणा गर्ने अधिकार न त स्थानीय तहलाई हुन्छ न यससम्बन्धी प्राविधिक जानकारी नै ।"

उहाँले अझै तराईमा दुई दिनसम्म हुस्सु लाग्ने र अझै चिसो बढ्ने भन्दै न्यायो कपडा तत्काल बाँड्न सम्बन्धित स्थानीय तहलाई सुझाव दिनुभएको छ । उप्रेतीले शीतलहरबाट मानवीय क्षति कम गर्न प्रतिकार्य योजना बनाए पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको बताउनुभयो । चिसो तथा शीतलहरबाट कसरी बच्ने भन्ने सन्दर्भमा जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको उहाँको भनाइ छ । मौसम पूर्वानुमान माहाशाखाका वरिष्ठ मौसमविद् राजु प्रधानाङ्गले अहिलेसम्म शीतलहरको अवस्था देखा नपरेको भन्दै शीतलहरको अवस्था

मानसिक तनावसमेत हुन्छ", उहाँले भन्नुभयो, "यस समयमा विशेष सतर्कता अपनाएर न्यानो लुगा लगाउनुपर्छ ।"

मुटुरोग विशेषज्ञ डा रञ्जित शर्माले बढी चिसो हुँदा सबैभन्दा बढी असर मुटुलाई पर्ने बताउनुभयो । चिसोमा हाम्रो शरीरमा विभिन्न किसिमका हर्मोनको मात्रा वृद्धि हुने भएकाले रगतको भिस्कोसिटी (बाक्लोपना) बढ्ने र रक्तनली भने खुम्चँदा यसले रक्तप्रवाह असामान्य भई मुटुमा अक्सिजनको कमी हुने उहाँको भनाइ छ । अनि हाम्रो मुटुले सामान्य अवस्थामा भन्दा बढी काम गर्नुपर्छ, जसले रक्तनलीमा रगत जमेर हृदयघात र मस्तिष्कघातसमेत हुनसक्छ", शर्माले भन्नुभयो ।

### के हो शीतलहर ?

तराईका विभिन्न भागमा विशेषगरी पुस र माघमा आकाशलाई दिनभरि नै कुहिरोले ढाक्ने र घाम नलाग्ने हुँदा आकाशबाट अत्यन्त चिसो शीत खस्छ । यसरी चिसो बतास (हावा) चल्ने अवस्थालाई शीतलहरको प्राकृतिक प्रकोप भनिन्छ ।

प्रभावित क्षेत्रमा बिहानदेखि बेलुकासम्म हप्तौं वायुमण्डलको तल्लो सतहलाई बाक्लो हुस्सुले ढाक्नाले घाम नलाग्ने हुँदा तापक्रम ह्वात्तै तल झर्ने हुनाले चिसो बढी हुन्छ । शीतलहर सामान्यतया विशेष मौसम प्रणालीको परिणामका रूपमा देखापर्दा तापक्रम धेरै तल झर्ने अवस्था उत्पन्न हुन्छ । शीतलहरको अवधिमा तापमान सामान्यभन्दा धेरै कम हुन्छ । जसकारण दैनिक जीवनमा विभिन्न समस्या र असुविधा उत्पन्न हुनसक्छ ।

### शीतलहरबाट जोगिने उपाय

शीतलहरबाट प्रभावित हुने स्थानमा बसोबास गर्ने समुदायका मानिसले शीतलहरको समयमा आफ्ना परिवारको विषेश ख्याल राख्न जरूरी छ । यस समयमा सकेसम्म घर बाहिर ननिस्कुन उचित हुने विज्ञको सुझाव छ । न्यानो लुगा लगाउने, तातोपानी र खानेकुरा सेवन गर्ने, वृद्ध र बालबालिकाप्रति विशेष ध्यान दिने गर्नुपर्छ । यसैगरी शीतलहरका विषयमा स्थानीय प्रशासनसँग नियमित सूचना लिनु आवश्यक छ । स्थानीय तथा प्रदेश तहसँग समन्वय बढाउन आवश्यक छ ।

### के छ सरकारको योजना

सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७ मा हिमपात, चिसो तथा शीतलहरबाट बच्न सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, सामग्री तयार गरी प्रचारप्रसार गर्ने, विद्यार्थीलाई कक्षा दिने उल्लेख छ ।

"शरीरको न्यानो बचाउ अभियान प्रचार गर्ने, उपलब्ध साधन स्रोतको आकलन गर्ने, जस्तै खाद्यान्न, न्यानो कपडा, कम्बल, दाउरा काठ, औषधि र स्वास्थ्य सेवा, हिउँ पन्छाउने सामग्री, सञ्चार, पहुँच, खट्ने जनशक्तिको तयारी गरिने छ", मार्गदर्शनमा उल्लेख छ, "समभावित दुर्घटना आगलागी, कोठामा निसासिने आदिबाट बच्न चेतनामूलक तथा सन्देशमूलक सूचना स्थानीय भाषामा तयार गरी आमसञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिनेछ ।"

हिमपात, तुसारो, बाक्लो कुहिरोका कारण सम्भावित सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने, आवश्यकतानुसार सबै समूह गठन गरी त्यस्ता स्थानको 'प्यापिङ' गर्ने र दुर्घटना हुनसक्ने जोखिमयुक्त/सम्भावित क्षेत्रमा विभिन्न साङ्केतिक चिह्न तथा सूचनामूलक सन्देश राख्ने योजना छ । सवारीचालकलाई प्रवेश तथा प्रस्थान विन्दुमा जानकारी गराउने, हिमाली क्षेत्रमा हुनसक्ने हिउँआधीलागायत सम्भाव्य दुर्घटनाको खोज, उद्धार र उपचारको आवश्यक पूर्वतयारी गर्ने योजना छ ।

यसैगरी शीतलहर तथा मौसमसम्बन्धी पूर्वानुमान बुलेटिन साप्ताहिक/दैनिक जारी गर्ने र सो बुलेटिनलाई आमसञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने गराउने, प्राधिकरण र विभागबीच आवश्यकतानुसार बैठक राखी समन्वय गर्ने मार्गदर्शनमा उल्लेख छ ।

"स्वास्थ्यसम्बन्धी समस्यालाई रोकथाम गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने-गराउने, स्वास्थ्यकर्मी औषधि र द्रुतप्रतिकार्य समूह तयार गरी परिचालन गर्ने । आवश्यकता हेरी स्वास्थ्य शिविर सञ्चालन गर्ने", मार्गदर्शनमा भनिएको छ, "कृषिवाली र पशुपन्छीको क्षतिलाई न्यून गर्न आवश्यक औषधोपचार तथा यसबाट बच्ने र बचाउने उपायका सम्बन्धमा सन्देशमूलक सूचना प्रचारप्रसार गराउने र शीतलहरका कारण अन्नबाली/पशुपन्छीको क्षति भए किसानलाई मल, बीउ, पशुपनछी उपचार तथा प्रविधि सहयोग र राहत तत्काल उपलब्ध गराउने, गर्न लगाउने योजान छ ।"

कृषिक्षेत्रमा हुने विपद् जोखिम हस्तान्तरण (बिमा)का योजना रणनीतिक कार्ययोजना तयार गरी पेस गर्ने मार्गदर्शनमा उल्लेछ । तर मर्गदर्शनमा उल्लेख भएका कार्ययोजनाको प्रभावकारी कार्यनवयन हुनुपर्नेमा सरोकारवालाहरूमा जोड छ ।रासस

# सिरहा भन्सारमा 'प्लान्ट क्वारेन्टिन' नहुँदा राजस्व असुलीमा असर




सिरहा । सिरहाको माडर स्थित प्रमुख भन्सार कार्यालयमा 'प्लान्ट क्वारेन्टिन' नहुँदा भन्सारको राजस्व असुलीमा असर पुगेको छ ।

नेपाल-भारत दुई देशबीच मुख्यगरी तरकारी, खाद्यान्न र फलफूल आयत निर्यातमा समस्या खेप्दै आएको सिरहाका प्रमुख भन्सार अधिकृत तोयानाथ सापकोटाले बताउनुभयो । "यहाँ मासिक रु एक करोडभन्दा बढी राजस्व सङ्कलन हुँदै आएको छ, तर प्लान्ट क्वारेन्टाइन सेवा नहुँदा भारतमा उत्पादन हुने कृषि उत्पादन यो नाका हुँदै पैठारी गर्न र नेपालमा उत्पादित कृषिजन्यउपज भारत निकासी गर्न कठिनाइ हुँदै आएको छ", उहाँले भन्नुभयो, "व्यवसायी र कृषकले समस्या भोग्नुपरेको छ, चोरी निकासी र पैठारी नियन्त्रण हुन सकिरहेको छैन ।"

क्वारेन्टिन कार्यालय नहुँदा एकातिर व्यापारी निरुत्साही हुँदै गएका छन् भने अर्कातिर भन्सार अगाडिको सडकखण्डमा घण्टौँसम्म नेपाल भित्रिने मालबाहक सवारीसाधन लाम लाग्ने गरेका छन् । प्रमुख भन्सार अधिकृत सापकोटाका अनुसार नेपाल प्रवेश गर्ने मालबाहक सवारीसाधनको क्वारेन्टाइन प्रक्रियाकै लागि घण्टौँ लाग्ने हुँदा सडकमै सवारीसाधन पार्किङ गर्नुपर्ने समस्याले आवागमन समेत प्रभावित हुने गरेको छ ।

माडर भन्सार भएर दलहन, फलफूल, तरकारी तथा पशुपन्छी र दूधजन्य वस्तु आयात निर्यातमा समस्या भएको छ भने खाद्य, तेल, मैदा, दाना, बेकरीसँग सम्बन्धित उद्योग प्रभावित भएका छन् । वार्षिक रु १२ करोडभन्दा बढी राजस्व उठाउने यस भन्सार कार्यालयमा विषादी चेक गर्ने सामान्य प्राविधिक कर्मचारीको अभावमा प्लान्ट क्वारेन्टिन सेवा नहुनु दुःखद् विषय भएको प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको भनाइ छ ।

उहाँले भन्नुभयो, "यहाँको नाकामा प्लान्ट क्वारेन्टिन सेवा नहुँदा भन्सार कारोबारमा प्रभाव परेको छ । भन्सारको ९० प्रतिशत आम्दानी कृषजन्य वस्तु आयातबाट हुने हो । राजस्व छली नियन्त्रण गर्न पनि जिल्लामा प्लान्ट क्वारेन्टिन सेवा अनिवार्य छ ।"


क्वारेन्टिन नभएपछि व्यवसायीले पूर्वमा विराटनगर भन्सार कार्यालय तथा पश्चिममा जलेश्वर भन्सार कार्यालय भएर सामान निर्यात गर्नुपरेको छ । यसरी लामो दूरी तय गर्दा ढुवानी खर्च बढ्न गई उपभोक्ता चर्को मूल्यवृद्धिको मारमा पर्ने गरेका जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, लहानका अध्यक्ष विकास सारडाको भनाइ छ । उहाँले भन्नुभयो, "भन्सारको मुख्य आम्दानी नै कृषिजन्य वस्तु हो, त्यसैले यहाँ जति सक्दो चाँडो प्लान्ट क्वारेन्टिन स्थापना गर्नुपर्छ । स्थापनापछि राजस्व असुली अहिलेको तुलनामा तीन गुणा वृद्धि हुनेछ ।"

प्रमुख भन्सार अधिकृत सापकोटाका अनुसार प्लान्टक्वारेन्टिनको समस्यालाई समाधान गर्न विगतदेखि पटकपटक सम्बन्धित मन्त्रालय र विभागबाट प्रयासहरु भए पनि हालसम्ममा सार्थकता पाउन सकेको छैन । विसं २०७८ असोजमा अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित भन्सार कार्यालयले उपलब्ध गराएको कार्यकक्ष प्रयोग गरी कृषिजन्य वस्तुको आवश्यक निरीक्षण परीक्षण गरी छोडपुर्जी जारी गर्ने गरी क्वारेन्टाइन सम्पर्क विन्दु स्थापना गर्ने तथा उक्त सम्पर्क विन्दुमा काम गर्न हाल कार्यरत क्वारेन्टाइन कार्यालय कृष्णनगर, भैरहवा र जलेश्वरबाट एक/एक प्राविधिक कर्मचारी भन्सार कार्यालय क्रमशः सुठौली, महेशपुर र सिरहालाई उपलब्ध गराउने निर्णय भएको थियो । त्यसको भोलिपल्टै कृषि तथा पशुपन्छी विकास मन्त्रायले सोहीअनुरुप गर्न भनी प्लान्ट क्वारेन्टिन तथा बिषादी व्यवस्थापन केन्द्र हरिहरभवन, ललितपुरलाई पत्र लेखेको थियो ।

प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र हरिहरभवनबाट उक्त निर्णय अविलम्ब कार्यान्वयन गर्न भनी क्वारेन्टाइन कार्यालय जलेश्वर, भैरहवा र कृष्णनगरलाई सम्बोधन गरी पत्राचार भएको प्रमुख भन्सार अधिकृत सापकोटाले बताउनुभयो । यहाँ खटिइ आउने कर्मचारीका लागि आवश्यक कार्यकक्ष उपलब्ध गराई सहयोग गर्न भनी भन्सार विभाग त्रिपुरेश्वरबाट २०८० जेठ २४ गते भन्सार कार्यालय सिरहा, महेशपुर र सठौलीलाई पत्राचार समेत गरिएको थियो । उक्त निर्णय तथा पत्राचार भएको लामो समयसम्म पनि प्लान्ट क्वारेन्टिनको व्यवस्था नभएपछि सेवा प्रवाहमा समस्या भएको उहाँले बताउनुभयो ।रासस

> प्रमुख भन्सार अधिकृत सापकोटाका अनुसार नेपाल प्रवेश गर्ने मालबाहक सवारीसाधनको क्वारेन्टाइन प्रक्रियाकै लागि घण्टौं लाग्ने हुँदा सडकमै सवारीसाधन पार्किङ गर्नुपर्ने समस्याले आवागमन समेत प्रभावित हुने गरेको छ ।

# 'आगो बाल्दा वा विद्युतीय उपकरणको प्रयोग गर्दा सावधानी अपनाउनूस्'




काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आगो बाल्दा वा हिटर तथा गिजरलगायत उपकरण प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ । मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गरी जाडोयाममा शरीर र कोठालाई न्यानो राख्न आगो ताप्ने, हिटर बाल्ने र गिजरको प्रयोग गरिने हुँदा यस्ता उपकरणहरूको प्रयोगमा आवश्यक सावधानी अपनाउन आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीद्वारा जारी विज्ञप्तिमा भनिएको छ,"आगो ताप्ने, हिटर बाल्ने वा गिजर आदि उपकरणहरूको प्रयोग गर्दा घरमा हावा सञ्चालन प्रणाली राम्रो नभएमा कोठामा कार्बन मोनोअक्साइड जम्मा हुन सक्छ । कार्बन मोनोअक्साइड गन्ध, रङ्ग र स्वादरहित एक विषाक्त ग्यास हो, जसको सम्पर्कमा लामो समयसम्म रहँदा गम्भीर स्वास्थ्य समस्या हुने वा ज्यान पनि जान सक्दछ ।"

यी उपकरणहरुको प्रयोगमा सावधानी नअपनाउँदा बर्सेनि मृत्यु र अस्पतालमा भर्ना हुने घटनाहरू घटिरहेका छन् । मन्त्रालयले हावा ओहोरदोहोर हुने स्थान वा कोठामा मात्र त्यस्ता उपकरण प्रयोग गर्न, सकेसम्म कोइला आधारित स्रोतबाट आगो नताप्न, आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने सामग्री नजिक नराख्नु र आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउनसमेत अनुरोध गरेको छ ।

"सुत्नुअघि अनिवार्य रूपमा हिटर निभाउन, गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गर्न, गिजर खोलेर लामो समयसम्म बाथरुममा नबस्नुहुन मन्त्रालय अनुरोध गर्दछ", विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यी उपकरणको प्रयोग गर्दा टाउको दुख्ने, रिङ्गटा चल्ने आदि जस्ता लक्षण देखिएमा तुरुन्त झ्याल ढोका खुला गरी हावा ओहोरदोहोर गराउन वा खुला ठाउँमा जान पनि अनुरोध गरिएको छ । लक्षणहरू कम नभएमा वा अझै खराब भएमा अस्पताल गई चिकित्सकको उचित सल्लाह लिन वा मन्त्रालयको 'हेल्लो स्वास्थ्य कल सेन्टर १११५' मा सम्पर्क गरी परामर्श लिन पनि मन्त्रालयले आग्रह गरेको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। क्रान्तिको आवाज ।।

अन्धकारले ढाकेको यो भूगोल,
असमानताले गाँजेको समाजको भित्तो।
दुखका आवाजहरू दबाइएका छन्,
शोषणका चक्रहरू चलाइएका छन्।
तर अब रोकिँदैन यो आँधी,
ज्वालामुखी फुट्ने छ, शान्तिको बाधी।
रगतको सिँचाइले हुर्केको यो क्रान्ति,
अब फुल्नेछ स्वतन्त्रताको वसन्ती।
हाम्रो घरको छानो चुहिएको छ,
हाम्रो भित्तो भत्किएको छ।
तर यो माटोमा ताजमहल बन्नेछ,
गरिबको आवाजले संसार कम्पाउनेछ।
यो देशमा अब कोही भोको मर्नु पर्ने छैन,
कोही विभेदका आँसु पिउनु पर्ने छैन।
यो जमिन तिम्रै हो, मेरो हो,
हाम्रो पसीनाले बनाएको यो धरोहर हो।
उठ, हे क्रान्तिकारी योद्धा,
तिम्रो आवाजले ढल्छ साम्राज्य,
तिम्रो पाइलाले कोर्छ नयाँ इतिहास,
तिम्रो संघर्षले बन्छ नयाँ आकास।
यो मुक्ति, यो सपना,
अब कुनै कल्पना मात्र होइन।
हाम्रो हातको मेहनेत,
हाम्रो रगतको मूल्य,
हाम्रो अधिकारको पहिचान हो।
शोषणको जरालाई चुँडेर फाल्नेछौँ,
अत्याचारको सिंहासन जलाउनेछौं।
नयाँ युगको बिहान चम्काउन,
समानताको सूर्य उदाउनेछौँ।
क्रान्ति भनेको सपना मात्र होइन,
यो हाम्रो अस्तित्वको उद्घोष हो।
हामी अघि बढ्छौँ,
जसले परिवर्तनको गीत गाउनेछ।
क्रान्तिको आवाज गुञ्जिरहनेछ।



कविः राम पुकार महतो(बिद्रोही)
बर्दिबास महोत्तरी

## ।। तिमी पनि आउनु है । ।।

खुसी !
यो नयाँ वर्षको आगमनसँगै
तिमी पनि आउनु है ।
बिन्ती छ तिमीलाई !
वर्षैभरी तिमी पनि साथ दिनु है ।
जसरी,
बितेका हरेक दिनहरूमा
हरेक महिना र वर्षहरूमा
दुखले मलाई अंगालो हाली
हरेक पलहरुमा साथ दिएको छ ।
त्यसरी नै तिमी पनि साथ दिनु है ।
तिमीलाई थाहा छ ?
यी कष्ट र पिडाहरुले
कहिल्यै मलाई
"पराई" हुन दिएन
जसरी,
यी बाधा,अड्चन
समस्या र अवरोधहरुले
हरेक क्षण मेरो सहयात्री बनी
मलाई साथ दिएको छ ।
त्यसरी नै तिमी पनि साथ दिनु है ।
जसरी,
मैले मेरो मन-मस्तिष्क
र परमार्थ जिवनमा
माथिका यी सबैलाई महसुस गरेको छु ।
त्यसरी नै,
अबको आगामी दिनहरुमा
तिमीलाई पनि महसुस गर्ने
मेरो ठुलो चाहना छ ।
त्यसैले,
खुशी !
यो नयाँ वर्षको आगमनसँगै
तिमी पनि आउनु है ।



मोहन महतो कोइरी
गौशाला , महोत्तरी

## ।। कविताको कविता ।।

कविता के हो? मनको पखेटा,
भावनाको सागर, सपनाको कथा।

शब्दमा छुँदै, मनको गहिराइ,
अक्षरले खिच्ने, अनन्त परिभाषा।

हर एक अक्षरमा लुकेको छ रहस्य,
आँसु, हाँसो, र हृदयको भव्य।

चन्द्रमाको चमक, सूर्यको किरण,
कविताले सिँगार्छ संसारको रंगमञ्च।

मौनता बोल्छ, शब्द नसमेटिने,
अनुभूतिहरू प्रकट, अनन्त बाँचिने।

आफ्ना पीडा, प्रेम, र परिदृश्य,
कवितामा भेटिन्छ, सजीव दृश्य।

सृष्टिको कला हो, आत्माको स्वर,
कविताले बताउँछ जीवनको रहर।

कहिले आँधी, कहिले शीतल बयार,
कविताको कथा, कहिल्यै नथाक्ने प्रचार।

यसैले लेख्छु म, कविता पुनःपुनः,
मनको रंगीन ससारमा जस्तो चुन।

कविता हो जीवन, कविता हो साँस,
हरेक हृदयमा, यसको अमर बास।



नामः- सौम्य राज पाठक
कक्षा १२, मोडेल कलेज, जनकपुर
घर :- जलेश्वर ८, बज्राही

## ।। खाना ।।


खाना, जीवनको आधार,
स्वादले भर्दछ मनको दरबार।
भोकको बेलामा सजीवता ल्याउने,
तृप्तिको झरना, ऊर्जा बढाउने।
धानको चामल, तोरीको तेल,
भटमास, साग, अनि आलुको खेल।
मसला र अचारले बनाउँछ मिठास,
परिकारको यात्रा, सबैको आस।
दालभातको कथा, सधैँ प्रिय,
कसैले नछोड्ने, यो हाम्रो माया।
नेपालीको माटोले दिएको उपहार,
खाना हाम्रो संस्कारको आधार।
खानामा छ स्नेह, परिवारको साथ,
तपाईं र हामी मिलेर बनाउँछौँ बाटो।
आउनुहोस्, साझा गरौं हाँसो र माया,
खानाको थालीमा, जीवनको छाया।



लेखक : बब्लु शर्मा
ज. उ. न. पा. ७

## 'मनको कथा'

मनले मनलाई बोलायो,
स्वप्न सलोनाको साथ।
जीवनको यात्रामा,
तिमी नै हौ मेरो विश्वास।
अन्धकारमा उज्यालो,
तिमीले देखायौ बाटो।
दुःखका ती दिनहरूमा,
तिमी नै थियौ सहारा।
प्रेमको यो बन्धन,
कसैले तोड्न सक्दैन।
जहाँ विचारहरु आवाज बन्दछन्,
त्यहाँ हाम्रो माया हराउँदैन।
तिमीलाई समर्पित यो जीवन,
मेरो कविता, मेरो संसार।
तिम्रो साथमा सबै छ,
बिनातिम्रो, मन खाली र बेकार।



लेखक :- आदित्य झा
कक्षा :-१०
श्री राष्ट्रिय माध्यमिक विद्यालय
जनकपुरधाम-१०, रुपैठा

## ।। मायाको अनुभूति ।।

मुटुको भित्र बास बस्ने,
त्यो तिम्रो नाम हो,
आँखाको पानिमा चम्किने,
सपना तिम्रो छायाँ हो।
शब्दले वर्णन गर्न नसक्ने,
भावनाको कथा हौ तिमी,
मनले मात्र बुझ्न सक्ने,
स्नेहको रचना हौ तिमी।
चिसो हावामा तातो स्पर्श,
बिहानीको पहिलो किरण हौ,
धडकनले भन्छ तिमीलाई,
जीवनको अमूल्य जिबन हौ।
तिम्रो सम्झनाले मिठास ल्याउँछ,
सपना रंगीन बनाउँछ,
तिमी बिना अधुरो छु म,
मायाले मात्रै पूर्णता छाउँछ।
तिमी र म बीचको सम्बन्ध,
मुटु र धडकन जस्तै,
सधैं अमर, सधैं शाश्वत,
जीवनभरको सँगै यात्रा जस्तै।



दिलीप कुमार दास
धनुषाधाम - ४ लक्ष्मीपुर

## ।।मधेश प्रदेशको जाडो।।

मधेश प्रदेशको चिसो हावा,
जसले भिजाउँछ मनको छावा।
न्यानो सम्झनामा गाउँकै आगन,
जहाँ ताप्थ्यौं आगो, सँगै हौं लागन।
ओसिलो भुइँ, कुहिरोको धुम,
भुपडीको छानोमा झर्दै ठुम।
माटोको गन्धले ब्यूँझिन्छ ज्यान,
जाडोमा छ अझै आत्मीयतान।
सिरकभित्रको कथा र हासो,
परालमा बसेर गरिने गफको सासो।
झरी झर्ने झ्यालबाट हेर्दै,
सूर्य उदाउँछ कहिलेकाहीं के गर्दै।
परोस भले, यो जाडोको छाया,
मधेश प्रदेशमा रमाउँछ माया।
मन तातो गराउँदै सम्बन्धका डोरी,
चिसो मौसमले बाँध्छ हामीलाई जोडि।



कविता लेखक:- नबिन श्रेष्ठ
हाल अध्ययन शिक्षणः- बि.एड स्नातक चौथो बर्ष
ठेगानाः- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-२
अध्ययनरत हाल कलेज:- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी

## ।। जनकपुरको माटो ।।

जनकपुरको माटोमा सुगन्ध छ बास,
जसले उठाउँछ देशको शान र विश्वास।
पत्रकारिताको कर्मभूमि यो ठाँउ,
जहाँ सधैं बोल्छ सत्य र न्यायको आवाज।
तुलसीका पाना, सीताको नाउँ,
इतिहास गुनगुनाउँछ जनकपुरको बगैंचामा।
पत्रकारिता यहाँको जीवित आत्मा,
जसले देखाउँछ समाजको असली चित्र र रुप।
कलम यहाँको हतियार, सत्य यहाँको धर्म,
झूठ र अन्यायलाई सधैं राख्छ पर।
जनताको सेवा, सत्यको रक्षा,
पत्रकारिता हो यहाँको सच्चा लक्ष्य।
हे जनकपुर! तिमीले दिन्छौ प्रकाश,
जसले उज्यालो बनाउँछ देशको हर एक बास।
पत्रकारिताको यो गौरवमय यात्रा,
तिमीले लेख्यौ सत्यको सुनौलो कथा।
जनकपुरको नाम सधैं उच्च रहोस्,
पत्रकारिताको यो ज्योति कहिल्यै निभोस्।
सत्य र न्यायको यो अभियान चलिरहोस्,
जनकपुरको माटो सधैं अमर रहोस्।



लेखक नवल प्रसाद यादव

## ।। जल्छ जिन्दगी ।।

चर्किन्छ भत्किन्छ र ढल्छ जिन्दगी
फेरि नि ऊम्रिन्छ र फल्छ जिन्दगी
नभत्के हौसला ,नटुटे विश्वास
समयले फेरि बदल्छ जिन्दगी
निरासाको भारी कति बोक्नु मनमा
न टर्छ समस्या न चल्छ जिन्दगी
खोज्दैछु उज्यालो म आफु भित्र
बिश्वास छ कुनै दिन बल्छ जिन्दगी
छ यात्रा निरन्तर कछुवा झै चाल
न पुग्छ गन्तव्य, न गल्छ जिन्दगी
बाचुन्जेल सपना चिता झै नजलोस्
मरेपछी चितामा त जल्छ जिन्दगी.



नामः-सुरज साह
ठेगानाः-रौतहट ,गौर

## ।। परदेशी ।।

अलार्म को घण्टी सँगै निन्द्र बाट जाग्नुपर्दा
दुःख लाग्छ आँखा मिच्दै डिउटी तिर भाग्नुपर्दा

खाँडीमुलुक आईपुगेछु भाग्यकर्म छान्दा छान्दै
५० डिग्री चर्को घाम मा गैती, बेल्चा हान्दा हान्दै

अनायसै आमाको माया ममता खोज्न पुग्छु
उत्ता फेरी च्वास्स बिझ्ने साहुको ऋण सोच्न पुग्छु

टुस्स बस्नु पाउनु छैन कामै मात्र लाउन खोज्छ
सानो गल्ती गर्यो भने सिधै छोपन आउन खोज्छ

मानव हो कि दानव हुन यी, मनमा दया आउने हैन
बल्ल तल्ल महिना मर्यो समयमा तलब पाउने हैन पसिनाको
मूल्य पनि भिखसरी माग्नुपर्दा
पीडा हुन्छ भोक भोकै बालुवा माटो उचाल्नुपर्दा



राजन दास
शहिदनगर नगरपालिका

## ।। पीडा ।।

हम्म भेटब
हैं हम्म जरुर भेटब
अदी हरा जाएब
कही आ कतहुँ त
खोजी लेब हमर लिखल
गीत,गजल आ कविता में
दरद भरल शब्द आ रचना में
खोजी लेब
हैं अहाँ खेजी लेब
जरुर भेटब हम्म!!
सुखाएल गुलाबक फुल में
अहाँ मनम अलमारी में
हराएल-भुतलाएल
अहाँक हृदय कें कोना में
मन मस्तिष्क आ दिल में
खोजी लेब
हैं अहाँ खोजी लेब
जरुर भेटब हम्म



उदगार यादब
मिथिला बिहारी नगरपालिका
सिरसिया-६

## ।। पैसा ।।

पैसा के कते दम छै
केकरो सँ ई नै कम छै
गाउँ सँ लक शहर तक
ई हे पैसाके कमाल छै

नेता सँ लक जनता धरि
पुलिस सँ लक प्रशासन धरि
अदालत सँ लक मुखिया धरि
बच्चा सँ लक सियान धरि
ई हे पैसा के कमाल छै

पैसा छै त सब अपना नै पैसा त
सब सपना
पैसा के बल पर सब बिकाई छै
पैसा के बल पर सब उधयाई छै
न्यायाधीश सँ लक ओकिल तक
पैसे पर बिकाई छै

केहनो मुद्दा मैकबलाके पैसा पर
फैसला कजाई छै
पैसा के कते दम छै
केकरो सँ ई नै कम छै



धनेश्वर ठाकुर
धनुषाधाम ४ लक्ष्मीपुर,
हाल सात समुद्र पार दोहा कतार

## //हामी दुई भाइ- राम, लक्ष्मण //

दुई मुटु तर एक धड्कन ।
हामी दुई भाइ राम, लक्ष्मण ।।
आमाबुबाका दुई आँखाका तारा ।
हामी दुई भाइ सेवक सन्तान प्यारा ।।
दुई ज्यान तन तर एक ज्ञान मन ।
हामी दुई भाइ राम, लक्ष्मण ।।
रहरलाई थुनियौं गरिबीको जेलमा ।
प्रयास जारी छ जिन्दगीको खेलमा ।।
विलक्षण प्रतिभाको एक उदाहरण ।
हामी दुई भाइ राम, लक्ष्मण ।।
दुई मुटु तर एक धड्कन ।
हामी दुई भाइ राम, लक्ष्मण ।।



लेखकः राम मण्डल
लक्ष्मीनियाँ गा.पा.-१, सिनुरजोडा, धनुषा , नेपाल ।

# ‘पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट यथाशीघ्र नियमित उडान सुरु हुने’

गण्डकी । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट केही महिनाभित्र नियमित उडान सुरु हुने बताउनुभएको छ।

‘सुनौलो नेपाल अनलाइन प्राइभेट लिमिटेड’द्वारा शुक्रबार पोखरामा आयोजित ‘गण्डकीको पर्यटन र अर्थतन्त्रको उडान’ विषयक अन्तरसंवाद कार्यक्रममा उहाँले राष्ट्रिय ध्वजाबहाक हिमालयन एयरलाइन्सले पोखरा-ल्वासा उडानको तयारी गरिरहेको बताउनुभयो।




“हिमालयन एयरलाइन्सले केही महिनाभित्रै उडान सुरु गर्दैछ, त्यसका लागि स्वीकृति लिने प्रक्रिया अन्तिम चरणमा पुगको छ, नेपाल एयरलाइन्सलाई पनि अन्यत्रको उडान कटौती गरेर भएपनि पोखराबाट अन्तर्राष्ट्रिय गन्तव्यमा उडान गर्न सरकारले अनुरोध गरिरहेको छ”, मन्त्री पाण्डेले भन्नुभयो । भारतसहित अन्य मुलुकमा पनि पोखराबाट अन्तर्राष्ट्रिय उडान सेवा सुरु गर्न सरकारले पहल गरिरहेको उहाँले बताउनुभयो।

हालै भारतका नागरिक उड्डयनमन्त्री र चीनका राजदुतसँग भएको भेटमा पनि उक्त विषयमा गम्भीरताका साथ छलफल गरिएको पाण्डेले जानकारी दिनुभयो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भविष्य उज्ज्वल रहेको उल्लेख गर्दै उहाँले विमानस्थल सञ्चालन हुन सक्दैन भनेर निराशा बाँड्न नहुने धारणा राख्नुभयो।

“पचासौं वर्षलाई हेरेर विमानस्थल निर्माण गरिएको हो, निराश हुनुपर्ने कुनै कारण छैन, विमानस्थल सञ्चालन गर्न सम्भव छ र हुन्छ”, मन्त्री पाण्डेले भन्नुभयो, “पोखरा मुलुकको पर्यटकीय केन्द्र भएकाले विमानस्थलबाट नियमित अन्तर र्राष्ट्रिय हुँदा अर्थतन्त्र सबल हुनुका साथै पर्यटन प्रवर्द्धन हुने अपेक्षा लिएका छौं ।” चीनका विभिन्न गन्तव्यबाट चार्टर उडान भएपछि विमानस्थलको प्राविधिक पक्षलाई लिएर गरिएका आशङ्का पनि हटेको उहाँले बताउनुभयो ।रासस

# हस्तकला क्षेत्र सरकारको सँधै प्राथमिकता रहन्छ : प्रधानमन्त्री

ललितपुर । प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी र निर्यात वृद्धिमा योगदान दिने हस्तकला क्षेत्र सरकारको सधैँ प्राथमिकता रहने बताउनुभएको छ।



नेपाल हस्तकला महासङ्घको ४४औँ वार्षिक साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा रोजगारी, उत्पादन, उद्यमशीलता, आत्मविश्वास र निर्यात बढाउने क्षेत्र भएकाले यसका लागि सरकारले गर्नुपर्ने कामका लागि आफूहरुले सक्दो पहल गर्ने विश्वास दिलाउनुभयो।

प्रधानमन्त्री ओलीले कला र संस्कृतिमा नेपाल धनी भएको सन्दर्भमा हस्तकला क्षेत्र कहिल्यै विस्थापित नहुने बताउँदै बजारका सामानभन्दा आफैँले मेहनत गरेर फलाएका खाना र बनाएका सामान प्रयोग वृद्धिका लागि आग्रह गर्नुभयो । “हाम्रो देश कलाका लागि प्रसिद्ध छ। यहाँका कला अमूल्य छन्। यिनमा हाम्रा दृष्टिकोण र कला सजिएका हुन्छन्”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हस्तकलाले महिलाको रोजगारी र सीप विकासका साथै सामाजिक उत्थानमा पनि मद्दत गरेको छ । यस क्षेत्रबाट उत्पादित सामान निर्यातका लागि लागौँ, म यसका विभिन्न विधाको विकासका लागि के के गर्नुपर्छ भन्नेबारे महासङ्घलाई बोलाएर छलफल गर्छु । त्यसका आधारमा हामी थप काम गर्नेछौँ ।”

महासङ्घका अध्यक्ष प्रचण्ड शाक्यले सरकारले सार्वजनिक निकायहरुमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर्नेसम्बन्धी निर्देशिका जारी गरेकामा स्वागत गर्दै त्यसको प्रभावकारी कार्यान्वयमा जोड दिनुभयो । उहाँले निर्यात वृद्धि र सहजीकरणका लागि विभिन्न बुँदामा प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराउनुभयो।

हस्तकला क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा ११ लाख रोजगारी सृजना गरेको छभने यसले करिब रु ११ अर्ब बराबरका सामान निकासी गरेको जनाइएको छ।

कार्यक्रममममा उत्कृष्ट निर्यातकर्ता र योगदानर्तालाई सम्मान पनि गरिएको थियो ।रासस

# कतार र इजिप्टलाई मध्यस्थताका निम्ति अनुरोध

काठमाण्डु । सरकारले अतिवादी समूह हमासको नियन्त्रणमा रहेका भनिएका नेपाली विद्यार्थी विपिन जोशीको सकुशल रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न कतार र इजिप्टसँग पुनः आग्रह गरेको छ।





सरकारले नेपालका लागि इजिप्ट र कतारका राजदूतमार्फत दुवै देशसँग जोशीको रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न पुनःआग्रह गरेको हो। हमासले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई रिहा गर्न लागेको समाचार सार्वजनिक भएपछि परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले हमाससँग मध्यस्थता गरिरहेको कतार र इजिप्ट सरकारलाई जोशीको रिहाइका निम्ति पनि प्रयत्न गर्न आग्रह गर्नुभएको हो।

नेपालका लागि इजिप्टका राजदूत नोहा हमदी अहमद एलगेबलीसँग आज मन्त्रालयमा भएको भेटमा परराष्ट्रमन्त्री देउवाले इजिप्ट सरकारसमक्ष नेपालको अनुरोध कार्यान्वयनका निम्ति राजदूतमार्फत आग्रह गर्नुभएको हो।

आजै परराष्ट्रमन्त्रीले नेपालका लागि कतारका राजदूत मिसाल मोहम्मद अल अन्सारीसँग पनि फोन सम्पर्क गरी जोशीको रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । हाल कतारमा रहनुभएका राजदूत अन्सारीले नेपालको अनुरोधबारे विदेशमन्त्रीसँग परामर्श गर्ने जानकारी दिनुभएको थियो।

यसअघि पनि परराष्ट्रमन्त्री देउवाले नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत इजरायल सरकारसँग जोशीको रिहाइका निम्ति आग्रह गर्नुभएको थियो । जोशीको रिहाइका लागि सरकारले कूटनीतिक प्रयास जारी राखेको छ ।रासस

# समावेशी समूहबारे पुन:विचार आवश्यक

काठमाण्डु । सांसदहरुले वैवाहिक स्थितिका आधारमा महिलाको समावेशी समूह परिवर्तन गरेर प्रतिनिधित्व गर्नु उचित नहुने धारणा व्यक्त गर्नुभएको छ।

प्रतिनिधिसभाअन्र्तगतको महिला तथा सामाजिक न्याय समितिको शुक्रबारको बैठकमा समिति सदस्यहरुले महिलाको विवाहपछिको थरका आधारमा समानुपातिक प्रतिनिधित्व गर्दा न्यायसंगत नहुनेमा जोड दिनुभएको छ।

सांसद रोशन कार्कीले समानुपातिक निर्वाचनमा महिलाको वैवाहिक अवस्थितिले पनि प्रतिनिधित्व गर्दा असर परेको धारणा राख्नुभयो । सांसद कल्पना मियाँ कुसारीले महिलाको समावेशी समूह वैवाहिक अवस्थाले निर्धारण गर्दा प्रतिनिधित्वमा फरक पर्ने विषयमा सहमति जनाउनुभयो । उहाँले भन्नुभयो, “समानुपातिक निर्वाचनभित्र क्लस्टरमा समस्या देखिएको छ। मेरो बुझाइमा विवाहपछि परिवर्तन हुने क्लस्टरबाट प्रतिनिधित्व गर्नु गलत हो।” यस विषयमा निर्वाचन आयोगसँग समेत छलफल गर्नपर्ने उहाँको भनाइ थियो।

बैठकमा ‘समानुपातिक प्रतिनिधित्वको वर्तमान अवस्था र कार्यान्वयनको मूल्याङ्कन’ विषयमा नेपाल इन्टिच्युट फर पोलिसी रिसर्चले तयार गरिरहेको अध्ययनमा समिति सदस्यहरुले टिप्पणी एवं सुझाव प्रस्तुत गर्दै समावेशी समूहका विषयमा थप अध्ययन गरेर निष्कर्ष निकाल्न सुझाव दिइएको थियो।

समिति सदस्य सुशीला सिर्पाली ठकुरीले पनि समानुपातिक निर्वाचनमा समूहमा पनि कुन समूहको निर्वाचित गर्ने भन्ने विषयमा राजनीतिक दल पनि जिम्मेवार बन्नुपर्नेमा जोड दिनुभयो ।रासस

# ‘लागुऔषध, आत्महत्या र सडक दुर्घटना न्यूनीकरणमा सबै लागौँ’

दोधारा चाँदनी । गृहमन्त्री रमेश लेखकले समाजमा लागुऔषध सेवन, आत्महत्या र सडक दुर्घटना न्यूनीकरणका लागि सबै मिलेर अभियान सञ्चालन गर्नुपर्ने बताउनुभएको छ।




राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एन प्याब्सन) कञ्चनपुरले शुक्रबार महेन्द्रनगरमा आयोजना गरेको खेल महोत्सवलाई सम्बोधन गर्दै उहाँले समाजमा लागुऔषध, आत्महत्या र सडक दुर्घटना मुख्य चुनौतीका रूपमा देखिएकाले यसविरुद्ध सामूहिक अभियान सञ्चालन गरिनुपर्ने बताउनुभएको हो।

मन्त्री लेखकले पछिल्लो समय लागुऔषधबाट विशेषगरी किशोरकिशोरीप्रभावित भइरहेकाले विद्यायस्तरबाटै अभियान सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो । स्थानीय सरकार र निजी सङ्घसंस्थाको भूमिका यसमा थप प्रभावकारी हुने उहाँको भनाइ थियो। “समाजमा लागुऔषध, आत्महत्या र सडक दुर्घटना मुख्य चुनौतीका रूपमा देखिएको छ। यसविरुद्ध अभियान सञ्चालन गर्नु आवश्यक छ। यसका लागि एन प्याब्सनले विद्यालयस्तरबाटै अभियन सुरुआत गरोस्”, गृहमन्त्री लेखकले भन्नुभयो।

उहाँले संविधानमा नै निःशुल्क शिक्षा र अनिवार्य शिक्षाको व्यवस्था गरिएकाले यसको परिपालना र शैक्षिक गुणस्तर सुधारका लागि सबैले ध्यान दिनुपर्ने बताउनुभयो। मन्त्री लेखकले विद्यालय शिक्षासम्बन्धी विधेयक सङ्घीय संसद्मा छलफलकै क्रममा रहेको अब चाडै सो विधेयक पारित गरी शिक्षालाई सुलभ, सरल र सबैको पहुँच विस्तारमा सरकार केन्द्रीत हुने बताउनुभयो ।रासस

# ‘व्यवसाय विविधीकरण गरिएन भने निगमको अस्तित्व सङ्कटमा पर्नसक्छ’

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपाल आयल निगमको व्यवसायमा विविधीकरण हुन नसके संस्थाको अस्तित्व नै सङ्कटमा पर्नसक्ने बताउनुभएको छ।



निगमको ५५ औं वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले पेट्रोलियम पदार्थको आपूर्ति श्रृंखलामा निगमले महत्वपूर्ण भूमिका खेलिरहेको भए पनि यसैमा मात्र सीमित रहन नहुने बताउनुभएको हो।

मन्त्री भण्डारीले ऊर्जा क्षेत्रमा नयाँ नयाँ विकल्पहरू प्रयोगमा आइरहेको अवस्थामा अब तेल मात्रै बेचेर रमाउने अवस्था नरहेकातर्फ सचेत गराउनुभयो। “अत्यावश्यक वस्तुका रूपमा रहेको पेट्रोलियम पदार्थको उपयोग र यसको व्यवसाय घट्दो अवस्थामा छ। स्वच्छ ऊर्जाका नयाँ प्रविधि र त्यसको प्रयोग बढ्दै गएसँगै निगमको व्यवसाय घट्नु स्वभाविक हो । यस्तो अवस्थामा विकल्प खोज्न नयाँ ढङ्गले सोच्नुपर्ने बेला आएको छ। तेल मात्रै बेचेर मुनाफामा रमाउने दिन धेरै रहँदैन। यसर्थ संस्थाको कार्यक्षेत्र बढाउन आवश्यक छ”, उहाँले भन्नुभयो।

पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउने, ढुवानी र वितरण प्रणालीलाई भरपर्दो तथा प्रविधिमैत्री बनाउन पनि मन्त्री भण्डारीले निगमलाई निर्देशन दिनुभयो।

पेट्रोलियम पदार्थमा इथानोल मिसायर प्रयोग गर्ने, घरायसी प्रयोजनका ग्यास सिलिण्डरमा मात्रै अनुदान दिने तथा पाइपलाइनबाटै ग्यास आपूर्ति गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेर आवश्यक काम गरिरहेको उहाँको भनाइ छ। बढी जोखिममा रहेका निगमका थानकोट डिपो, त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थल र धनगडी विमानस्थलको डिपो सार्ने काम चाँडो गर्न पनि उहाँले निगमलाई निर्देशन दिनुभयो।

> मन्त्री भण्डारीले ऊर्जा क्षेत्रमा नयाँ नयाँ विकल्पहरू प्रयोगमा आइरहेको अवस्थामा अब तेल मात्रै बेचेर रमाउने अवस्था नरहेकातर्फ सचेत गराउनुभयो ।

यस्तै, दैलेखमा पेट्रोलियम उत्खननका लागि अध्ययन चलिरहेकामा त्यहाँ पेट्रोलियम पदार्थ रहेकाबारे सकारात्मक प्रतिवेदन आएको उद्योगमन्त्री भण्डारीले जानकारी दिनुभयो।

कार्यक्रममा उद्योगसचिव कृष्णबहादुर राउतले पनि निगमको क्षमता विस्तार तथा व्यापार विविधीकरणमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। भण्डारण क्षमता बढाउने, पाइपलाइन विस्तार तथा गुणस्तरीय पेट्रोलियम पदार्थको सहज उपलब्धताका लागि निगमको महत्वपूर्ण भूमिका रहने उहाँको भनाइ छ।

निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्टले आगामी दिनमा नवीनतम प्रविधिको प्रयोग गर्दै निगमको प्रणालीलाई थप प्रविधियुक्त र व्यवस्थित बनाइने बताउनुभयो । उहाँले हरित तथा स्थायी ऊर्जाका स्रोत प्रवर्द्धनमा निगमले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

“बिटुमिन, लुब्रिक्यान्ट्स, प्लास्टिक चिप्स, ग्रीज, ग्रानुअल्सजस्ता वस्तुको व्यापारका लागि निगमले जोड दिइरहेको छ । काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा हाइड्रोजन ऊर्जाको विकास र प्रयोगका लागि काम गरिरहेका छौं । यस्ता कार्यबाट निगमको व्यापारमा विविधीकरण आउने अपेक्षा गरेका छौं”, कार्यकारी निर्देशक भट्टले भन्नुभयो।

उहाँले निगमको भण्डारण क्षमता, पाइपलाइन विस्तार, डिपोहरूको आधुनिकीकरणका साथै मानव संशाधनका क्षेत्रमा विकास तथा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखिएको बताउनुभयो ।रासस

# “समृद्धिको अनुभूति दिलाउने गरी सरकार क्रियाशील हुनुपर्छ”




राँझा । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री एनपी साउदले जनतालाई शान्ति, सुरक्षा र समृद्धिको अनुभूति दिलाउने गरी सरकार क्रियाशील हुनुपर्ने बताउनुभएको छ।

नेपाल प्रेस युनियन बाँकेले शुक्रबार नेपालगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले मुलुकमा समृद्धि, शान्ति र सुशासन कायम गर्ने उद्देश्यसहित संसद्का दुई ठूला दलको गठबन्धन सरकार बनेकाले सोहीअनुसार काम गर्नुपर्नेमा जोड दिनुभयो। “दुई ठूला दलको नेतृत्वमा बनेको सरकारले पनि काम गर्न नसके जनतामा थप निराशा आउनेछ। यसर्थ सरकारले जनमुखी काम गर्न आवश्यक छ। त्यसका लागि पार्टीबाट आवश्यक सहयोग गर्न हामी तयार छौं”, साउदले भन्नुभयो।

वर्तमान सरकार गठनपछि शेयर बजारसँगै अर्थतन्त्रमा सुधारका संकेत देखिए पनि अर्थतन्त्रका समग्र चुनौती सामना गर्ने गरी प्राथमिकता निर्धारण गरेर काम गर्न उहाँले आग्रह गर्नुभयो।

पूर्वमन्त्री साउदले सरकार निर्माणताका दुई दलबीच भएको सहमतिअनुसार सबै राजनीतिक दलबीच साझा सहमतिका आधारमा संविधान संशोधन गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो।

नेपाल प्रेस युनियन बाँकेका उपाध्यक्ष कमल खत्रीको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा नेपाली कांग्रेसका केन्द्रीय सदस्यहरू डा डिला सङ्ग्रौला, अब्दुल सत्तार, चम्फा खड्का, नेपाली कांग्रेस बाँकेका सभापति नारायणप्रसाद गौडेललगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# ट्रम्प किन पानमा, ग्रीनल्यान्ड र क्यानडालाई चुनौती दिँदै छन्

बीबीसी

काठमाण्डु । ह्वाइट हाउसमा फर्कनुभन्दा केही साताअघि मात्रै अमेरिकी राष्ट्रपति निर्वाचित डोनल्ड ट्रम्पले 'पानमा कनाल' र डेन्मार्कको स्वायत्त भूभाग मानिएको ग्रीनल्यान्डलाई आफ्नो नियन्त्रणमा लिन सैनिक परिचालनको सम्भावना अस्वीकार नगरेको बताउँदै धेरै जनालाई सजग गराएका छन्।

ट्रम्पले दुवै भूभागलाई अमेरिकाको आर्थिक सुरक्षाका लागि रणनीतिक रूपमा महत्त्वपूर्ण भनेका छन्।

अमेरिकी सेनालाई यस उद्देश्यका लागि परिचालन गर्नेबारे ट्रम्पले पहिलो पटक सार्वजनिक रूपमा यस्तो स्वीकारोक्ति गरेका हुन्। उनले क्यानडालाई अमेरिकामा "समावेश" गराउनेबारे पनि आर्थिक दबाव दिने बताएका छन्। पानमा, ग्रीनल्यान्ड, डेन्मार्क र क्यानडा सबैले यो भनाइप्रति आक्रोशसहितको प्रतिक्रिया दिएका छन्। बीसौँ शताब्दीको आरम्भमा पानमा नहर बनाउने कार्यको नेतृत्व र त्यसपछि दशकौँका वार्तापछि अमेरिकाले सन् १९९९ मा पानमाको पूर्ण नियन्त्रण पानमालाई हस्तान्तरण गरेको थियो।

अहिले ट्रम्पले राष्ट्रिय सुरक्षाको कारण देखाउँदै उक्त नहर अमेरिकी नियन्त्रणमा फिर्ता लिन चाहेका छन्।

"पानमा कनाल हाम्रो देशका लागि निकै महत्त्वपूर्ण छ। हामीले पानमा नहर पानमालाई दिएका थियौँ तर उनीहरूले त्यो उपहारको दुरुपयोग गरेका छन् ।

त्यो नहर चीनले चलाइरहेको छ र त्यसको दुरुपयोग गरेको छ। हामीले नहर चीनलाई दिएका थिएनौँ," ट्रम्पले भनेका छन्। सरकारी तथ्याङ्कले भने ट्रम्पको यो भनाइको खण्डन गर्छ। यो नहर हुँदै ओहोरदोहोर गर्ने साधनहरूको ७२ प्रतिशत अमेरिकी ढुवानीका साधन छन्

। चिनियाँ ढुवानीका साधन दोस्रोमा २२ प्रतिशत रहेको पानमा कनालसम्बन्धी निकायले जनाएको छ। पानमामा चीनले पनि उल्लेख्य आर्थिक लगानी गरेको छ।

विश्लेषकहरूका अनुसार प्रशान्त क्षेत्रमा अमेरिकी व्यापारका लागि मात्रै नभई भविष्यमा चीनसँग हुन सक्ने सैन्य द्वन्द्वमा पनि यो नहर अमेरिकाका लागि अपरिहार्य हुन सक्छ।

ट्रम्पले यसअघि अमेरिकी कार्गो पानीजहाजहरूलाई धेरै शुल्क लिएको आरोप पानमामाथि लगाएका थिए।

आफ्नै लगानी रहेको सामाजिक सञ्जाल 'ट्रुथ'मा ट्रम्पले पानमा कनालको बीचमा अमेरिकी झण्डा गाड्दै गरेको तस्बिर राखेका छन्। पानमा सिटीमा एक पत्रकार सम्मेलनमा पानमाका विदेशमन्त्री ह्याइए मार्टिनेज-अचाले पानमा कनालको सार्वभौमसत्ताबारे कुनै वार्ता नहुने बताए ।

"यो नहर नियन्त्रण गर्ने एक मात्रै हात पनामाका नागरिकसँग छ र त्यसको निरन्तरता कायमै रहन्छ," मार्टिनेज-अचाले भने। विश्वकै सबैभन्दा कम जनघनत्व भएको ग्रीनल्यान्ड डेन्मार्कको स्वायत्त भूभाग हो।

आफू पहिलो पटक राष्ट्रपति भएका समयमा सन् २०१९ मा ट्रम्पले गीनल्यान्ड किन्ने योजना अघि सारेका थिए।

डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सनले अमेरिकी सत्तामा आउन लागेका ट्रम्पको प्रशासनसँग मिलेर काम गर्न आफू इच्छुक रहेको बताएकी छन्। तर उनले ग्रीनल्यान्ड त्यहाँका जनताको भएको बताइन्।

"ग्रीनल्यान्ड स्थानीय (ग्रीनल्यान्डिक) जनताको हो। त्यहाँका जनता आफ्नै भाषा र संस्कृतिमा गर्व गर्छन्। र यसअघि पनि भनिसकेको कुरा हो कि ग्रीनल्यान्ड बिक्रीका लागि होइन," फ्रेडरिक्सनले भनिन्। ट्रम्पको चासो पनि अनपेक्षित किसिमको छैन किनभने यो भूभाग प्राकृतिक स्रोतमा धनी छ। डेन्मार्कको भूगर्भ निकाय र ग्रीनल्यान्डको वेबसाइटमा विश्वकै सबैभन्दा ठूलो यो द्वीपमा पाइने बहुमूल्य खनिज र ऊर्जाका स्रोतहरूका लामा सूची छन्।

त्यसमा बहुमूल्य सुन र प्ल्याटिनमदेखि लिथिअम र टाइटानिअम सहितका आठ वटा दुर्लभ धातु अनि 'रेअर अर्थ एलमन्ट' सूचीकृत छन्। त्यस्तै कोइला र युरेनिअमसहित ऊर्जा उत्पादनमा प्रयोग हुने तत्त्वहरू र हिरा र माणिक जस्ता बहुमूल्य पत्थरहरू यहाँ पाइन्छन्।

यहाँ तेल र ग्यासको ठूलो भण्डार भएको पनि दाबी गरिएको छ तर ती खानीहरू पहिचान हुन बाँकी छन्। ब्याटरीको उत्पादनका लागि प्रयोग हुने दुर्लभ धातुहरू पाइने भएका कारण पनि ग्रीनल्यान्डलाई मूल्यवान् मानिएको छ। विश्व ब्याङ्कले विश्वको माग पूरा गर्न यस्ता खनिजहरूको उत्खनन सन् २०२५सम्म पाँच गुणाले बढाउनुपर्ने प्रक्षेपण गरेको छ। विश्व ब्याङ्कका अनुसार त्यो अमेरिकाका लागि मात्रै नभएर चीनका लागि पनि आवश्यक पर्न सक्छ।

रुसले पनि यो क्षेत्रलाई रणनीतिक महत्त्वका दृष्टिले हेर्ने गर्छ। त्यसको कारण यो रुस र अमेरिकाको बीचमा अवस्थित हुनु पनि हो। अमेरिकाले यसअघिबाटै यो द्वीपमा बलिस्टिक क्षेप्यास्त्रको पूर्वचेतावनी दिने प्रणालीसहित आफ्नो सैन्य अखडा राखेको छ।

ग्रीनल्यान्डमा सरकारको नेतृत्वमा अहिले स्वतन्त्रता पक्षधर प्रधानमन्त्री म्यूत बी एग्दे छन्। उनले उक्त टापु बिक्रीका लागि नभएको स्पष्ट गरिसकेका छन्।

आगामी एप्रिलमा हुने संसदीय निर्वाचनसँगै यो द्वीपलाई स्वतन्त्र बनाउनेबारे जनमतसङ्ग्रह पनि हुन सक्ने उनले सङ्केत गरेका छन्। ट्रम्पले पछिल्ला साताहरूमा अमेरिकाको सबैभन्दा ठूलो छिमेकी क्यानडालाई पनि चिढ्याउने अभिव्यक्ति दिएका छन्। उनले क्यानडासँगको सीमा 'कृत्रिम' रहेको र उक्त देश अमेरिकाको '५१औँ राज्य' हुन सक्ने जस्ता अभिव्यक्ति दिएका छन्।

क्यानडाको सुरक्षाका लागि अर्बौँ डलर खर्च भइरहेको भन्दै ट्रम्पले वर्तमान अमेरिकी सरकारको आलोचना गरेका छन्। उनले क्यानडाबाट कार, काठका सामान र दुग्ध पदार्थको आयातबारे पनि समस्या रहेको बताए।

मेक्सिकोजस्तै क्यानडाबाट अमेरिकामा आयात हुने सामग्रीमा पनि आफ्नो प्रशासनमा २५ प्रतिशत कर लगाउने घोषणा ट्रम्पले गरेका छन्।

लामो पत्रकार सम्मेलन गर्दै ट्रम्पले मेक्सिको र क्यानडाको सीमाबाट अमेरिकामा लागुऔषध आयात भइरहेको दाबी गरे।

यद्यपि अमेरिकी तथ्याङ्क अनुसार क्यानडासँगको अमेरिकी सीमाबाट जफत हुने लागुऔषध देशको दक्षिणी सीमाबाट बरामद हुनेभन्दा उल्लेख्य मात्रामा न्यून छ। क्यानडाले पनि सीमा क्षेत्रमा उच्च सुरक्षा बढाउन नयाँ नीतिहरू कार्यान्वयन गरिने जनाएको छ। उक्त देशले अघि सारेका योजनामा सीमा क्षेत्रमा निगरानी बढाउने र संयुक्त फौजहरूले सङ्गठित अपराध हुने परम्परागत नाकाहरूमा कारबाही गर्नेलगायत छन्।

हालै राजीनामाको घोषणा गरेका क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले आर्थिक शक्ति लगाएर क्यानडालाई अमेरिकामा मिलाउने ट्रम्पको अभिव्यक्तिको प्रतिवाद गरेका छन्। उनले दुई देश एक हुने कुनै सम्भावना नरहेको बताएका छन्। अमेरिकाका भूतपूर्व राष्ट्रिय सुरक्षा उपसल्लाहकार जेम्स जेफ्रीले ट्रम्पले आफ्ना अन्तर्राष्ट्रिय सहयोगी र देशभित्रका समर्थकहरूका लागि सङ्केतहरू दिइरहेको बताएका छन्।

उनका अनुसार आफ्ना युरोपेली सहयोगीहरूले अन्तर्राष्ट्रिय सुरक्षाको रक्षाका लागि पर्याप्त काम नगरेको भन्दै अमेरिकीहरूमाझ निराशा छायद्यपि कुनै सैन्य हस्तक्षेप हुने सम्भावना नरहेको जेफ्री बताउँछन्।

"हामी ग्रीनल्यान्डमा परेड खेल्न जाँदै छैनौँ, क्यानडामा पनि परेड खेल्दैनौँ र पानमा कनाल पनि कब्जा गर्दैनौँ। तर यो कुराले कस्तो उथलपुथल ल्याउँछ भन्ने चाहीँ अर्को प्रश्न हो," उनी भन्छन्।

"अन्तर्राष्ट्रिय सुव्यवस्थामा ट्रम्प चुनौती होइनन्। त्यो चुनौती रुस र चीन हुन्," जेफ्री भन्छन्। लन्डनस्थित 'द इन्डिपेन्डेन्ट'का राजनीतिक सम्पादक डेभिड म्याडक्स ट्रम्पलाई गम्भीर रूपमा लिइनुपर्ने बताउँछन्।

"अहिले ट्रम्प साम्राज्यवादीजस्तो देखिएका छन्। उनी वास्तवमै विश्वमा अमेरिकी पाइला फैलाउन चाहन्छन्। यो गम्भीर चेतावनी हो," म्याडक्सले बीबीसीसँग भने।

"हामी ट्रम्पको पहिलो कार्यकाल भन्दा दोस्रो कार्यकाल निकै भिन्न हुने देख्दैछौँ। यसले बाँकी विश्वमा अस्थिरता ल्याउन सक्छ," उनले भने।



**अहिले ट्रम्पले राष्ट्रिय सुरक्षाको कारण देखाउँदै उक्त नहर अमेरिकी नियन्त्रणमा फिर्ता लिन चाहेका छन्।**

# विश्वकप क्रिकेट खेल्न जाने नेपाली टोलीको बिदाइ




काठमाण्डु । मलेसियामा आयोजना हुने आइसिसी यु-१९ (उन्नाइस वर्षमुनि) महिला विश्वकप क्रिकेट प्रतियोगिता खेल्न जाने नेपाली टोलीलाई शुक्रबार बिदाइ गरिएको छ ।

नेपाल क्रिकेट सङ्घ( क्यान)द्वारा शुक्रबार आयोजित एक कार्यक्रममा पूजा महतोको कप्तानीमा रहेको नेपाली टोलीलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, क्यानका पदाधिकारीलगायतले सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभएको हो ।

युवा तथा खेलकुदमन्त्री चौधरीले नेपाली युवा टोलीले उत्कृष्ट खेल प्रदर्शन गर्नेमा आफू विश्वस्त रहेको बताउँदै विद्यालयस्तरदेखि नै खेल क्षेत्रलाई अगाडि बढाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को आयोजनामा हुने उक्त प्रतियोगिता आगामी माघ ५ देखि २० गतेसम्म सञ्चालन हुनेछ ।

प्रतियोगितामा नेपालको यो पहिलो सहभागिता हो । विभिन्न १६ राष्ट्र सहभागी विश्वकपमा नेपाल समूह 'डी' मा परेको छ ।

नेपालको समूहमा बङ्गलादेश, अस्ट्रेलिया र स्कटल्याण्ड छन् । नेपालले समूह चरणको पहिलो खेल आगामी माघ ५ गते बङ्गलादेशसँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यस्तै दोस्रो खेल माघ ७ गते स्कटल्याण्डसँग खेल्नेछ भने माघ ९ गते अस्ट्रेलियासँग खेल्नेछ ।

विश्वकपको समूह 'ए' मा आयोजक मलेसियासहित भारत, श्रीलङ्का र वेस्ट इण्डिज छन् । त्यस्तै समूह 'बी' मा इङ्ग्ल्याण्ड, आयरल्याण्ड, पाकिस्तान र अमेरिका छन् भने समूह 'सी' मा न्यूजील्याण्ड, समोआ, दक्षिण अफ्रिका र नाजेरिया रहेका छन् ।

नेपाली युवा टोलीमा कप्तान महतोसँगै सोनी पाखिन, किरनकुमारी कुँवर, कृष्मा गुरुङ, साना प्रविन, स्नेहा महरा, सावित्रा धामी, रचना चौधरी, अनु कडायत, तृषना विक, रिया शर्मा, अलिशाकुमारी यादव, कुसुम गोदार, सिमाना केसी र ज्योत्सिका मरासिनी रहेका छन् ।

नेपाली टोलीका प्रशिक्षक महेशप्रसाद रिजालले नेपाली टोलीको प्रशिक्षण राम्रो भएको बताउँदै प्रतियोगितामा शतप्रतिशत नतिजा ल्याउने योजना रहेको उल्लेख गर्नुभयो । नेपाली टोलीकी कप्तान महतोले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने प्रतिबद्धता व्यक्त गर्दै विश्वकपमा नयाँ इतिहास रच्ने योजना रहेको बताउनुभयो । नेपाली टोली शनिबार मलेसिया प्रस्थान गर्नेछ ।रासस

# छात्रा शिक्षासम्बन्धी शिखर सम्मेलनमा सहभागी हुन मलाला पाकिस्तान आउने

एएफपी

इस्लामावाद । नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाई आफ्नो जन्मथलो पाकिस्तानमा आयोजना हुने छात्रा शिक्षासम्बन्धी शिखर सम्मेलनमा सहभागी हुन इस्लामावाद आउनुहुनेभएको छ ।

युसुफजईलाई सन् २०१२ मा पाकिस्तानी तालिवानले गोली हानी हत्या गर्ने प्रयास गरेपछि विदेशमा जीवन विताउँदै आउनुभएको छ । आक्रमणपछि पनि उहाँले पाकिस्तानी किशोरीहरूको शैक्षिक तथा अन्य अधिकारका लागि आवाज बुलन्द गर्दै आउनुभएको छ तर पाकिस्तानको विरलै मात्र भ्रमण गर्ने गर्नुभएको छ ।

"म विश्वभरका मुस्लिम नेताहरूसँग छात्रा शिक्षासम्बन्धी महत्वपूर्ण सम्मेलनमा सामेल हुन पाउँदा उत्साहित छु," उनले शुक्रबार एक्समा एक पोस्टमा लेख्नुभएको छ ।

"आइतबार म सबै बालिकालाई विद्यालय जान पाउने अधिकारको रक्षा गर्ने र तालिबानलाई अफगान महिला र बालिकाविरुद्ध गरेको अपराधका लागि किन जवाफदेही बनाउनुपर्छ भन्ने विषयमा सम्बोधन गर्नेछु," उहाँले पोस्टमा लेख्नुभएको छ ।

मलाला फन्ड च्यारिटीका प्रवक्ताले उहाँ व्यक्तिगत रूपमा शिखर सम्मेलनमा सहभागी हुने पुष्टि गरेका छन्।

मुस्लिम समुदायमा बालिका शिक्षामा केन्द्रित रहेर शनिबार र आइतबार राजधानी इस्लामावादमा दुई दिने शिखर सम्मेलन हुनेछ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले उद्घाटन गर्ने समारोहमा ४४ देशका मन्त्री तथा राजदूतका साथै संयुक्त राष्ट्रसङ्घ र विश्व बैङ्कका प्रतिनिधिसहभागी हुनेछन् ।



यस शिखर सम्मेलनले मुस्लिम समुदायको शिक्षाको माध्यमबाट बालिकाहरूको सशक्तीकरणको साझा प्रतिबद्धतालाई पुष्टि गर्नेछ।

सन् २०१२ मा अफगानिस्तानसँग सीमा जोडिएको स्वात उपत्यकामा पाकिस्तानी तालिवान लडाकूले विद्यालयको बसमा आक्रमण गरेपछि दिएको प्रतिक्रियापछि युसुफजाई चर्चामा आउनुभएको थियो । अफगान तालिबान र नेटो सेनाबीच सीमापार युद्ध चर्किरहेको समय पाकिस्तानी तालिवानको नेतृत्वमा यस क्षेत्रमा बर्बर आतङ्क फैलिएको थियो ।

हत्या प्रयासपछि उहाँलाई संयुक्त अधिराज्य (बेलायत)मा लगियो र बालिका शिक्षाको लागि विश्वव्यापीरूपमा आवाज उठाएका कारण १७ वर्षको उमेरमा सबैभन्दा कम उमेरको नोबेल शान्ति पुरस्कार विजेता बन्नुभएको थियो ।

## लस एन्जलस डढेलो: कम्तीमा १० जनाको मृत्य

एएफपी

लस एन्जलस । क्यालिफोर्नियाको लस एन्जलसमा फैलिएको भीषण डढेलोका कारण कम्तीमा १० जनाको मृत्यु भएको छ । आगलागीबाट आक्रान्त बनेको लस एन्जलस र वरपरका क्षेत्रमा क्यालिफोर्नियाको नेसनल गार्डका सैनिकहरुलाई परिचालन गर्ने तयारी गरिरहेको अधिकारीले बताएका छन् ।

लस एन्जलस काउन्टी मेडिकल एक्जामिनरले बिहीबार अबेर १० जनाको मृत्यु भएको र संयुक्त राज्य अमेरिकाको दोस्रो ठूलो शहरको ठूलो भाग भग्नावशेषमा परिणत भएका बेला क्यालिफोर्नियाको नेसनल गार्डका सैनिकहरुलाई परिचालन गर्ने तयारी गरिरहेको जानकारी आएको हो ।

आगो निभाउने अभियान रातभर चलिरह्यो। आगो निभाउनका लागि पानी छर्किने हेलिकोप्टरका चालकले हावाको सुस्तताले आगो निभाउने अभियानलाई साथ दिएको बताएका छन् ।

यद्यपि, नयाँ डढेलोहरू निस्कने क्रम जारी रहेको छ ।

लस एन्जलस काउन्टीका शेरिफ रोबर्ट लुनाले रातको समयमा कर्फ्यू लगाउने योजना रहेको र राज्यको नेसनल गार्डले प्रभावित क्षेत्रमा गस्ती गरिरहेको बताउनुभएको छ ।

गभर्नर गेभिन न्युसमले हजारौं को स ्यामा सेनाका सदस्य र सरकारी कर्मचारीहरू तैनाथ गरिएको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "हामी आगामी दिनमा समुदायको सुरक्षाका लागि नेसनल गार्ड सेवाका सदस्यसहित सबै तैनाथ गरिरहेका छौं । यसले सहरमा हुनसक्ने सम्भावित लुटपाटका घटनालाई नियन्त्रण गर्न सकिनेछ ।

### रूसमा उडान भर्न 'उच्च जोखिम' :

# इयू उड्डयन सुरक्षा निकाय

एएफपी

पेरिस । युक्रेनमा जारी युद्धका बीच अजरबैजान एयरलाइन्सको विमान खसालिएको घटनापछि रूसमाथि उडान भर्नु नागरिक उडानका लागि 'उच्च जोखिम' रहेको देखिएको युरोपेली सङ्घको उड्डयन सुरक्षा निकाय (इएसएस)ले शुक्रबार जनाएको छ ।

इएएसएले एक सुरक्षा बुलेटिनमा भनेको छ, "द्वन्द्वले 'सम्भावित नागरिक-सैन्य समन्वयको कमी र गलत पहिचानको सम्भावनाका कारण रूसी सङ्घको हवाई क्षेत्रमा नागरिक विमानहरू अनाहकमा निशाना हुने खतरा उत्पन्न गरेको छ।"

इएसएसले पश्चिमी रूसी हवाई क्षेत्रमा उडान नगर्न एयरलाइन्सका लागि आफ्नो सिफारिस लाई पुनः नवीकरण गरेको छ ।

रूसले युरोपेली सङ्घ (इयू) का विमानलाई आफ्नो हवाई क्षेत्रमा उडान भर्न प्रतिबन्ध लगाएको छ तर चीन, टर्की, खाडी मुलुक र अन्य मुलुकका विमानलाई भने अनुमति दिइएको छ ।

अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले गत डिसेम्बर २५ मा कजाकिस्तानमा ३८ जनाको ज्यान जाने गरी दुर्घटनाग्रस्त भएको अजरबैजान एयरलाइन्सको यात्रुवाहक विमानलाई रुसी शहर ग्रोज्नीमाथि 'जमिनबाट' गोली हानेको दावी गर्नुभएको छ ।

रूसले युक्रेनी ड्रोनलाई प्रतिकार गर्ने समयमा आफ्नो एयर डिफेन्सले काम गरिरहेको बताएको छ, तर उसले विमानमा गोली लागेको स्वीकारेको छ ।

इएएसएले युक्रेनी क्षेप्यास्त्र र रुसमा प्रक्षेपण गरिएका ड्रोनको सामना गर्न रुसी हवाई प्रतिरक्षा प्रणालीको सक्रियताले 'प्रमुख अन्तर्राष्ट्रिय विमानस्थलसहित धेरै स्थानहरूमा उडान संचालनमा प्रत्यक्ष प्रभाव पार्न सक्छ' भनेको छ।

बुलेटिनमा भनिएको छ, "ड्रोन आक्रमण वा हवाई प्रतिरक्षा प्रणालीको सक्रियताका बेला रुसी महासङ्घले बन्द नगरेको हवाई क्षेत्रमा अधिकांश घटना भएका छन् ।

"सन् २०२४ डिसेम्बर २५ मा अजरबैजान एयरलाइन्सको फ्लाइट ८२४३ मा भएको घटनाले देखाएझैं यसले उडान सञ्चालनका लागि उच्च जोखिम निम्त्याएको छ।"

# जापानमा हथौडा आक्रमणमा परी कम्तीमा आठ जना घाइते

एएफपी

टोकियो । जापानको राजधानी टोकियोस्थित एक विश्वविद्यालयमा शुक्रबार भएको आक्रमणमा परी कम्तीमा आठ जना घाइते भएका छन् ।

प्रहरी स्रोतलाई उद्धृत गर्दै सरकारी प्रसारक एनएचकेले उल्लेख गरेअनुसार होसेई विश्वविद्यालयको तामा क्याम्पसमा दिउँसो आक्रमण भएको थियो ।

जिजी प्रेसका अनुसार आक्रमणमा संलग्न भएको आरोपमा सोही क्याम्पसमा समाजशास्त्र अध्ययन गर्ने २० वर्षीया एक किशोरीलाई पक्राउ गरिएको छ । एफएनएनका अनुसार आक्रमणकारी छात्रालाई थप आक्रमण गर्नबाट विश्वविद्यालयका कर्मचारीले रोकेका थिए ।

जापानमा हिंसात्मक अपराधको दुर्लभ यस घटनाको बारेमा प्रहरीले एएफपीसँग तत्काल घटनाको बारेमा बिस्तृत विवरण प्राप्त भइनसकेको जनाएको छ।




जापानमा बन्दूक नियन्त्रणका लागि कडा कानून छ। एनएचकेको लाइभ फुटेजमा जापानको राजधानीको उपनगरीय माचिडा जिल्लामा रहेको क्याम्पसमा आपतकालिन सवारी साधनहरूको लाइन लागेको र साइरेनसहित रातो निलो बत्ती चम्किरहेको देखिएको छ । जापानमा सन् २०२२ मा पूर्वप्रधानमन्त्री शिन्जो आबेको हत्यालगायत बेलाबेलामा छुरा प्रहार र कहिलेकाहीं गोली हानाहानका घटनासमेत हुने गरेको छ ।

गत डिसेम्बरमा जापानको दक्षिणपश्चिमी क्षेत्रमा रहेको म्याकडोनल्ड रेस्टुरेन्टमा एक जुनियर हाईस्कुलका विद्यार्थीको छुरा प्रहार गरी हत्या गरिएको थियो भने अर्का एक जना घाइते भएका थिए । उक्त आक्रमणमा संलग्न भएको आरोपमा एक जनालाई पक्राउ गरिएको थियो ।

सन् २०१९ मा जापानको कावासाकी शहरमा एक जना स्कुले छात्रासहित दुई जनाको छुरा प्रहार गरी हत्या गरिएको थियो भने एक दर्जनभन्दा बढी घाइते भएका थिए । उक्त घटनामा ५१ वर्षीय आक्रमणकारीले बालबालिकाको एक समूहमाथि प्रहार गरेका थिए भने घाँटीमा छुरा प्रहार गरेको अनुसन्धानपछि पुष्टि भएको थियो ।

# किसान व्यावसायिक किबीखेतीमा आकर्षित



गुल्मी । गुल्मीमा व्यावसायिक किबीखेतीमा किसानको आकर्षण बढ्दै गएको छ । जिल्लाको सत्यवती गाउँपालिका-८ अन्तर्गत भार्सेका किसानले किबी बिक्री गरेर वार्षिक रु ८० लाखभन्दा बढी आम्दानी गर्न थालेका छन् । २०६५ सालदेखि किबी लगाउन थालेका त्यहाँ किसानको बारी यतिबेला किबीका लहराले ढपक्कै ढाकेको छ । भार्सेका किसान यतिबेला किबीको व्यावसायिक उत्पादन सुरु गरेपछि उनीहरूको आर्थिकस्तर समेत वृद्धि हुँदै जान थालेको छ ।

जिल्लामा सबैभन्दा धेरै किबी उत्पादन गर्ने पालिकामा सत्यवती गाउँपालिका पर्छ । सत्यवतीको भार्सेमा हाल ४० हेक्टर क्षेत्रमा किबीको व्यावसायिक रूपमा उत्पादन हुँदै आएको छ । यो वर्ष त्यहाँका किसानले ८० टनभन्दा बढी किबी उत्पादन गरेको स्थानीय किसान एवं वडासदस्य यमबहादुर थापाले जानकारी दिनुभयो । भार्सेमा उत्पादित किबी स्थानीय बजार तथा पाल्पा र बुटवलसम्म पुग्ने गर्छ । बजारमा उपलब्ध किबीको तुलनामा भार्सेमा उत्पादित किबीको औषत मूल्य रु दुई सय छ । यहाँका किसानको मुख्य आम्दानी यतिबेला किबीखेती बनेको छ ।

सत्यवती गाउँपालिकाले भार्सेलाई किबीको पकेट क्षेत्र घोषणा गरेसँगै किबी उत्पादनमा स्थानीयको आकर्षण बर्सेनि बढ्दै गएको हो । किबीखेतीको व्यावसायिक उत्पादनका लागि किसानलाई गाउँपालिकाबाट प्राविधिक सहयोगदेखि तालिम, बिरुवा, पोल निर्माण र सिँचाइलगायत क्षेत्रमा सहयोग गर्दै आएको गाउँपालिका अध्यक्ष टीकाराम सापकोटाले बताउनुभयो । यस वर्ष पनि गाउँपालिकाबाट नर्सरी स्थापना, बगैँचा व्यवस्थापनसँगै किबीको जाम र वाइन बनाउने तालिम प्रदान गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले जानकारी दिनुभयो ।

**यस वर्ष पनि गाउँपालिकाबाट नर्सरी स्थापना, बगैँचा व्यवस्थापनसँगै किबीको जाम र वाइन बनाउने तालिम प्रदान गरिसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले जानकारी दिनुभयो ।**

भार्सेका किसान यमबहादुर थापाले व्यावसायिक रूपमा किबीखेती गर्दै आउनुभएको छ । उहाँले लगाएका एक सय ५० बोटमध्ये एक सय ३० बोटले फल दिन थालेको बताउनुभयो । यसपटक थापाले २५ क्विन्टल किबी स्थानीय बजार हुँदै पाल्पा र बुटवलसम्म बिक्रीका लागि पठाइसक्नुभएको छ । गत वर्षको तुलनामा यसपटक उत्पादन बढेसँगै किबीको मूल्य घटेको उहाँको भनाइ छ । उहाँको बारीमा 'रेडकिबी', 'हेवार्ड', ' एलिसन', 'ब्रुनो' गरी चार जातका किबी रहेका छन् । अन्य खेतीको तुलनामा किबीबाट राम्रो आम्दानी हुने उहाँको अनुभव छ । यीमध्ये एलिसन जातको किबी मीठो र स्वादिलो हुने थापाले बताउनुभयो ।

सिजनमा भार्सेका बारी किबीले ढपक्कै ढाकिएका हुन्छन् । किबीको बिरुवाले रोपेको तीन वर्षबाटै फल दिन सुरु गर्दछ । यसले एउटै बोटबाट ६० देखि एक सय २० किलोसम्म फल दिने गरेको वडाध्यक्ष होमबहादुर रानाले बताउनुभयो । बाँदर, बँदेल र चराचुरुङ्गीबाट अन्य खाद्य बाली जोगाउन समस्या परेको अवस्थामा किबीखेती त्यहाँका किसानका लागि वरदान सावित भएको छ । किबी बढी भ्ुसिलो हुने भएका कारण पनि अन्य वन्यजन्तु टाढै बस्ने गरेको बताइएको छ । जिल्लामा एक हजार दुई सय मिटरदेखि दुई हजार मिटर उचाइसम्म किबीखेती गरिँदै आएको छ । गुल्मीमा सत्यवती गाउँपालिकालगायतकालीगण्डकी,मदाने, मालिका, धुर्कोट, छत्रकोटलगायत पालिकामा किबीको व्यावसायिक खेती गर्न थालिएको छ ।

किबी फल एक स्वस्थ र स्वादिष्ट फल मानिन्छ । किबीमा भिटामिन 'सी' धेरै हुने भएका कारण यसले रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउँछ ।रासस

# मूर्ति बनाउन सिकेका 'चित्रप्रसाद'

तुलसीपुर । तुलसीपुर-१ छोटेका चित्रप्रसाद सुवेदी नौ वर्ष मलेसिया बसेर आउनुभयो । मलेसियामा पनि राम्रो कमाई नभएपछि उहाँले गाउँमै केही गर्ने प्रण गर्नुभयो र सुरू गर्नुभयो विभिन्न मूर्ति बनाउन । न कुनै तालिम, न त कुनै प्रशिक्षण, चित्र हेरेर उहाँले मूर्ति बनाउन सुरू गर्नुभयो । अहिले उहाँ विभिन्न मन्दिरमा मूर्ति बनाउँदै हिँडिरहनुभएको छ ।

तुलसीपुर-१ स्थित धनेश्वर मन्दिरमा उहाँले शिव, बाघ, बाहिरबाट अझै माग नभएको भन्दै प्रचारप्रसार गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले दुई वर्षदेखि यसरी नै मूर्ति बनाउने कार्य सुरू गर्नुभएको हो । "सुरूमा चित्र हेरेर कलमले कोर्ने गरेँ, केही समयमा माटोको मूर्ति बनाएँ", सुवेदीले भन्नुभयो, "अलि सिकेपछि सिमेन्ट प्रयोग गरेर मूर्ति बनाउन सुरू गरेको हुँ ।"

एउटा मूर्ति बनाउन रू ३० हजारसम्म पारिश्रमिक लिने गरेको सुवेदीले



गणेश, नन्दी, शिवलिङ्ग, डमरू, नागले बेरेको मूर्ति बनाउनुभएको छ । "गाउँकै मन्दिर पनि हो, सबैले मेरो कला देख्नुभएको थियो", सुवेदीले भन्नुभयो, "त्यसपछि न्यून शुल्कमा मैले सबै मूर्ति बनाएँ ।"

त्यतिमात्र होइन सुवेदीले सोही वडाकै देवीस्थान मन्दिरमा नन्दीको मूर्ति, तुलसीपुर-८ अस्वारमा बाघका मूर्ति र सोही वडाको कृष्ण मन्दिरमा शिवलिङ्ग पनि बनाउनुभएको छ । उहाँले खाली समयमा घरमा पनि विभिन्न मूर्ति बनाउने गर्नुभएको छ । "बाहिरबाट खासै माग भइरहेको छैन, अझै सिक्दैछु", सुवेदीले भन्नुभयो, "फुर्सदका बेला घरमै पनि मूर्ति बनाउने गरेको छु ।"

जिल्लाभित्र छिटपुट रूपमा माग हुने गरेको भए पनि बताउनुभयो । त्यसमा पनि मूर्तिको आकारअनुसार पारिश्रमिक निर्धारण हुने गरेको उहाँको भनाइ छ । स्थानीयस्तरकै व्यक्तिले यसरी मूर्ति बनाउँदा यसलाई सबैतिरबाट प्रवर्द्धन गर्नुपर्ने उहाँको भनाइ छ । "म आफैँ स्थानीयस्तरमा मूर्ति बनाइरहेको छुँ", उहाँले भन्नुभयो, "तर अझै पनि ढुङ्गाबाट बनाएका मूर्ति भारतबाट ल्याउने गरिन्छ, स्थानीयस्तरको कुरालाई प्रवर्द्धन गर्नेतर्फ सबैले ध्यान दिए हुन्थ्यो ।"

यही पेसाबाट नै आफू स्थापित हुने सुवेदीको चाहना छ । त्यसका लागि सरकारले पनि सहयोग गर्नुपर्ने उहाँको भनाइ छ । वडामा भएका यस्ता प्रतिभालाई प्रवर्द्धन गर्नतर्फ आफू तयार रहेको वडाध्यक्ष हुमकान्त सापकोटाले बताउनुभयो ।रासस

# वडाध्यक्षको तरकारीखेती मोह

कञ्चनपुर । शुक्लाफाँटा-३ का वडाध्यक्ष नरेन्द्रप्रसाद चौधरी साँझ अबेरसम्म बारीमा तरकारी टिप्नमा व्यस्त हुन्छन् । साँझ टिपेको तरकारी बिहानीपख मोटरसाइकलमा राखेर बजारसम्म पुर्‍याएर बेच्छन् ।

यो कार्य उहाँले तीन वर्षदेखि निरन्तर रूपमा गर्दै आउनुभएको छ । दिउँसोपख भने अधिकांश समय चौधरीको वडाको कार्यमा बित्ने गर्छ । तरकारीखेतीले घर खर्च चलाउन सहज भएकाले निरन्तर रूपमा अपनाउँदै आएको उहाँ बताउनुहुन्छ ।

चौधरी तरकारीखेतीमा जस्तै जनताको सुखदुःखमा साथ दिने वडाध्यक्षका रूपमा परिचित छन् । त्यहीँ भएर उहाँ दोस्रो कार्यकालका लागि वडाध्यक्षमा जनताले चुनेका हुन् । बिदाका दिन वडाको काम नपरे उहाँ दिनभर तरकारीका बिरूवा रोप्ने, गोडमेल गर्ने, मल राख्ने, सिँचाइ गर्ने कार्यमा बिताउनुहुन्छ । उहाँकी श्रीमतीले पनि तरकारी रोप्नेदेखि टिप्ने, बोक्ने कार्यमा चौधरीलाई सघाउनुहुन्छ ।

वर्षमा वडाध्यक्षले रू पाँच लाखजत्तिको तरकारी बिक्री गरी आम्दानी गर्दै आएका छन् । दश कठ्ठा जग्गामा उहाँले तरकारीखेती गर्नुभएको छ ।

काउली, गोलभैँडा, धनिया, रायो, खुर्सानी, मुला, घ्यूसिमी, भान्टा, आलुलगायत तरकारी तथा हरियो साग चौधरीको बारीमा लटरम्म फलेका छन् । "काउली मात्र बेचेर रू ५० हजार जतिको आम्दानी भएको छ", अध्यक्ष चौधरीले भन्नुभयो, "पहिलोपटक लगाएको काउली बेचिसक्यौँ, दोस्रोपटक लगाएको काउली आउँदो महिना बेच्न ठिक हुन्छ ।" काउलीबाहेकको अन्य तरकारी रू २० हजार जतिको बेचेको उहाँ बताउनुहुन्छ ।

"बारीमा प्याजका बेर्ना रोप्न तयार भएका छन्", अध्यक्षका श्रीमती सावित्री चौधरीले भन्नुभयो, "आलु



खन्ने अवस्थामा छन्, आलु खनेर प्याज रोप्छौँ ।" यसअघि चौधरी दम्पतीले लौका, काँक्रा, तितेकरेला, फर्सीलगायतको खेती गरी रू एक लाख आम्दानी हात पार्न सफल भएका थिए । तरकारीखेतीको कमाइले परिवारको खर्चसँगै छोराको पढाई खर्च व्यहोर्दै आएका छन् । नगरपालिकाबाट पाइने पारिश्रमिक सामाजिक कार्यमै खर्च गरेर सिद्धिने उहाँ बताउनुहुन्छ ।

"आर्थिक सहयोग माग्नेलाई दिनैपर्‍यो", उहाँले भन्नुभयो, "भेट्न आउने पाहुनाको सेवा सत्कार गर्नैपर्‍यो, सामाजिक कार्य गर्न सहयोग माग्नेलाई नाइनास्ती गर्न पाइएन, यस्तो अवस्थामा नगरबाट उपलब्ध हुने पारिश्रमिकले भ्यान निकै गाह्रो हुन्छ ।"

"जनप्रतिनि हुँ भनेर हात हल्लउँदै हिँड्नु पनि परेन, वडाध्यक्षले परीश्रम गरेको देखेर अरूले पनि गर्छन, काम गर्ने प्रवृत्ति हामीले नै बसाल्नुपर्छ, आर्थिक रूपमा वडावासी समृद्ध बने मात्र विकासले फड्को मार्ने न हो", उहाँ भन्नुहुन्छ ।

बिहान, साँझ र बिदाको दिनको सदुपयोग बारीको काम गरेर बिताउने चौधरी वडाको विकासका कार्यमा पनि उत्तिकै चासो राख्नुहुन्छ । गाउँका सडक स्तरोन्नति गर्ने कार्यमा श्रमदान गर्न अग्रसर भएर अगाडि सर्नुहुन्छ । परिश्रमी वडाध्यक्षका रूपमा वडावासीले उहाँलाई चिन्ने गर्छन् । विकास निर्माण, सामाजिक कार्यमा अग्रणी रहने भएकाले दोस्रोपटक वडाध्यक्षको नेतृत्व सम्हाल्ने मौका वडावासीले दिएको बिलबहादुर चौधरी बताउनुहुन्छ ।

"वडाध्यक्ष भए पनि तरकारीखेती गर्नुहुन्छ, गाउँका अरू किसानभन्दा तरकारी फलाउनमा पछाडि छैनन्", उहाँले भन्नुभयो, "नगरपालिका र वडाबाट पनि किसानलाई पहिलो स्थानमा राखेर अनुदानका कार्यक्रम सञ्चालन गर्नुहुन्छ, किसानलाई कुन किसिमको तालिम चाहिन्छ, मागअनुसारको तालिम चलाउनुहुन्छ ।"

वडा अध्यक्षकै प्रयासमा व्यवसायिक तरकारी खेती गर्ने किसानले खेत जोत्नका लागि पावर टिलर, तरकारी खेती गर्न प्लाष्टिका हाइटेक टनेल, सिँचाइका लागि विद्युतीय मोटर तथा पम्पसेट पाएको उहाँ बताउनुहुन्छ ।

उन्नत जातको बीउबिजनको प्रयोगलाई बढावा दिने कार्यसँगै खेतीगर्ने तौर तरिका सिकाउनका लागि किसानलाई जानकारी गराउन प्राविधिक परिचालनको कार्य वडा अध्यक्षकै प्रयासमा हुने गरेको उहाँ बताउनुहुन्छ । वडा अध्यक्ष हुनुअघि नरेन्द्रले गाउँको वरघर बनेर नेतृत्व गर्नुभएको थियो । गाउँको न्याय निसाफ छिन्ने, अंशवण्डा गर्ने, संस्कृति जोगाउने, विकास निर्माणको अगुवाई गर्ने कार्य थारू समुदायमा वरघरले गर्ने गर्दछ ।रासस

# अमेरिकी डलर र युरो स्थिर रहँदा अन्य विदेशी मुद्राको मूल्य घटबढ

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ ।

राष्ट्र बैंकले निर्धारण गरेको दरअनुसार शुक्रबार अमेरिकी डलर र युरोपियन युरोको मूल्य स्थिर रहेको छ । यस्तै, सिङ्गापुर डलर, जापानी येन, थाई भाट, साउथ कोरियन वन, स्वीडिस क्रोनर, कुवेती दिनार, बहराइन दिनारको मूल्य भने बढेको छ । युके पाउन्ड स्ट्रलिङ, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, कतारी रियालको मूल्य घटेको छ ।

विनिमयदर अनुसार, अमेरिकी डलर एकको खरिदर एक सय ३७ रूपैयाँ ०६ पैसा र बिक्रीदर एक सय ३७ रूपैयाँ ६६ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिदर एक सय ४१ रूपैयाँ १८ पैसा र बिक्रीदर एक सय ४१ रूपैयाँ ८० पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर एक सय ६८ रूपैयाँ ३९ पैसा र बिक्रीदर एक सय ६९ रूपैयाँ १२ पैसा, स्वीस फ्र्याङ्क एकको खरिदर एक सय ५० रूपैयाँ २२ पैसा र बिक्रीदर एक सय ५० रूपैयाँ ८८ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिदर ८४ रूपैयाँ ९३ पैसा र बिक्रीदर ८५ रूपैयाँ ३० पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रूपैयाँ २४ पैसा र बिक्रीदर ९५ रूपैयाँ ६६ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय रूपैयाँ १३ पैसा र बिक्रीदर एक सय रूपैयाँ ५७ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर आठ रूपैयाँ ६८ पैसा र बिक्रीदर आठ रूपैयाँ ७२ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रूपैयाँ ६९ पैसा र बिक्रीदर १८ रूपैयाँ ७७ पैसा, साउदी



अरेबियन रियाल एकको खरिदर ३६ रूपैयाँ ५१ पैसा र बिक्रीदर ३६ रूपैयाँ ६७ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ५९ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७६ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रूपैयाँ ९६ पैसा र बिक्रीदर तीन रूपैयाँ ९८ पैसा, युएई दिराम एकको खरिदर ३७ रूपैयाँ ३२ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४८ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रूपैयाँ ४४ पैसा र बिक्रीदर ३० रूपैयाँ ५७ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ३८ पैसा र बिक्रीदर नौ रूपैयाँ ४२ पैसा, स्वीडिस क्रोनर एकको खरिदर १२ रूपैयाँ २९ पैसा र बिक्रीदर १२ रूपैयाँ ३४ पैसा र डेनिस क्रोनर एकको खरिदर १८ रूपैयाँ ९२ पैसा र बिक्रीदर १९ रूपैयाँ तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिदर १७ रूपैयाँ ६२ पैसा र बिक्रीदर १७ रूपैयाँ ६९ पैसा, कुवेती दिनार एकको खरिदर चार सय ४४ रूपैयाँ ४३ पैसा र बिक्रीदर चार सय ४६ रूपैयाँ ३८ पैसा, बहराइन दिनार एकको खरिदर तीन सय ६३ रूपैयाँ ५६ पैसा र बिक्रीदर तीन सय ६५ रूपैयाँ १६ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५६ रूपैयाँ दुई पैसा र बिक्रीदर तीन सय ५७ रूपैयाँ ५८ पैसा तथा भारतीय रूपैयाँ एक सयको खरिदर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# सुन्तला उत्पादन बढ्यो

गुल्मी । गुल्मीमा यस वर्ष सुन्तला उत्पादनमा बृद्धि भएसँगै यहाँका कृषकले मनग्य आम्दानी गरेका छन् । गत वर्षको तुलनामा सुन्तलाको उत्पादनमा वृद्धि भएसँगै यहाँका कृषक खुसी भएका छन् ।

जिल्लामा यस वर्ष रु २४ करोड ५० लाख मूल्य बराबरको सुन्तला उत्पादन भएको कृषि ज्ञान केन्द्र गुल्मीका प्रमुख नरेश धितालले जानकारी दिनुभयो । गत वर्ष रु २३ करोड मूल्य बराबरको सुन्तला उत्पादन भएको थियो । जिल्लामा उत्पादित सुन्तलामध्ये यस पटक रु १३ करोडभन्दा बढी सुन्तला जिल्ला बाहिर लगेर बिक्री गरिएको कार्यालय प्रमुख धितालले बताउनुभयो ।

गुल्मीबाट गत वर्ष रु १२ करोड बराबरको सुन्तला जिल्ला बाहिर बिक्री गरिएको थियो । मल उपलब्ध हुनु तथा सिँचाइको सुविधा, सुन्तलाको बोट काँटछाँट गर्नु र सुन्तलाको क्षेत्र विस्तार हुँदै गएका कारण उत्पादनमा वृद्धि भएको प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना गुल्मीकी प्रमुख गङ्गा पोखेलले बताउनुभयो । जिल्लामा कृषकले



सुन्तलाको बगैँचामा बिजु बिरुवा लगाउने गरेका छन् । कलमी बोटले भन्दा बिजु बिरुवाले लामो समयसम्म फल दिने भएका कारण यहाँका कृषकले बिजु बिरुवा लगाउँदै आएका छन् । सुन्तलाका फेद र जरा कुहिने समस्याबाट पीडित बनेको धुर्कोट गाउँपालिका-२ का कृषक शिवलाल खनालले बताउनुभयो । सुन्तला बगैँचामा समयमै मलखाद र सूक्ष्मतत्वको प्रयोगबाट उत्पादनमा वृद्धि हुने उहाँको भनाइ छ ।

जिल्लाका १२ वटै पालिकामा व्यावसायिक रुपमा सुन्तलाखेती गरिँदै आएको छ । जिल्लाका ९३ वडामध्ये ३७ वडामा सुन्तला जात फलफूल जोन कार्यक्रम लागू छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत जिल्लाको मदाने गाउँपालिकाको पुर्कोटदह, धुर्कोट गाउँपालिकाको पिपलधारा र सत्यवतीको लिम्घालगायत ठाउँमा चक्लाबन्दी गरी सुन्तला खेती सुरु गरिएको छ ।

गुल्मीको सुन्तलाको माग अत्यधिक छ । सुन्तला खरिद गर्नका लागि बुटवल, पाल्पा, अर्घाखाँचीलयागतका स्थानबाट व्यापारी बगैँचामै पुग्ने गरेका छन् । अहिले बजारमा गुल्मीको सुन्तला प्रतिकिलो रु ८० देखि रु एक सयसम्ममा बिक्री हुँदै आएको छ ।

कृषि ज्ञान केन्द्रले सुन्तलाका विभिन्न जात पहिचान गरी तिनको व्यवसायीकरण गर्न सुरु गरेको छ ।

कृषि ज्ञान केन्द्र र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत सुन्तलाको उत्पादन वृद्धिका लागि बगैँचा व्यवस्थापनमा जोड दिएको छ । परियोजनावाट सुन्तलाको बगैँचा सुधारका साथै मलखादको व्यवस्थापन, सिँचाई र बोट काँटछाँट लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको परियोजना प्रमुख पोखेलले बताउनुभयो ।

सुन्तलाका लागि धुर्कोट गाउँपालिकाको नयागाउँ, पिपलधारा, छत्रकोटको लुम्छा, श्रृङ्गा, रेसुङ्गा नगरपालिकाको भाडगाँउ, रुरुक्षेत्रको मुसिडाँडा, चौतारा, मुसिकोट नगरपालिकाको अर्लाङ्कोट, गुल्मी दरबारको गौडाकोट, कालीगण्डकीको अर्बेनी, जयखानी चन्द्रकोटको रेमी, सत्यवती र मदानेको भनभने मुख्य पकेट क्षेत्रका रुपमा रहेका छन् । रासस

# काँचो केराका परिकार

चितवन । तनहुँको देवघाटबाट आउनुभएकी लक्ष्मी तिमिल्सिना नारायणी नदीको किनारमा बनाइएका केराको चिप्स खाँदै हुनुहुन्थ्यो । उहाँले आलुको परिकार जस्तै केराको चिप्स नयाँ स्वादका रूपमा पहिलो पटक अनुभव गरेको सुनाउनुभयो ।

उद्योग वाणिज्य सङ्घ चितवनले बिहीबारदेखि सुरु गरेको १५औँ चितवन महोत्सवको उद्घाटन समारोहमा सहभागी हुन आउनुभएकी तिमिल्सिनाले आफूले केरा पकाएर खाने गरे पनि खाना र खाजाका रूपमा काँचो केरालाई प्रयोग नगरेकाले नयाँ स्वाद लागेको बताउनुभयो ।

देवघाटमा व्यवसाय गर्दै आउनुभएकी तिमिल्सिनाले केराजस्तो चोखो जातको परिकार सबै पसलमा पुर्‍याउन सके व्यवसायीका साथै उपभोक्तालाई पनि फाइदाजनक हुने बताउनुभयो । उहाँले भन्नुभयो, "केराको परिकारलाई



सबैको पसलमा पुर्‍याउनु आवश्यक छ ।"

महोत्सव अवलोकन गर्न आउनुभएका भरतपुर महानगरपालिका-१२ का युवराज रेग्मी केराको स्वाद लिँदै घाम ताप्दै हुनुहुन्थ्यो । केराका विभिन्न परिकार अवलोकन गर्दै उहाँले भन्नुभयो, "नयाँ स्वाद र अर्ग्यानिक परिकारले मन लोभ्यायो । केरा पकाएर मात्रै नभई काँचै पनि विभिन्न परिकार बनाएर खान मिल्ने रहेछ, यो सबैले खान मिल्ने खालको हुँदो रहेछ ।" उहाँले यसको प्रयोग बढाउन सके प्रभावकारी हुने विचार राख्नुभयो ।

महोत्सवस्थलमा रहेको केराको मःम, चिप्स, अचारलगायत विभिन्न परिकार खान आउनेको घुइँचो थियो । केराका विभिन्न परकारका बारेमा उपभोक्तालाई जानकारी दिने उद्देश्यले महोत्सवमा राखिएको चितवन केरा सङ्घका उपाध्यक्ष शङ्कर सुवेदीले बताउनुभयो । उहाँका अनुसार यहाँ केराको मःम, छोइला, अचार, पकौडा, चिप्सलगायत खाजाका परिकारहरू बिक्रीका लागि राखिएका छन् ।

जिल्लामा हुने हरेक महोत्सवमा सङ्घको नेतृत्वमा केराका परिकार पस्किँदै आइएको सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "अन्य समयमा बढी सेवाग्राही नपाइने भएकाले मेला महोत्सव लक्षित गर्दै आएका हौँ ।"

दैनिक ३१ जना कर्मचारी राखेर महोत्सव अवलोकनकर्तालाई केराका परिकार चखाउँदै र सिकाउँदै आइएको सुवेदीले जानकारी दिनुभयो । जिल्लामा दुई हजार दुई सय पाँच हेक्टर क्षेत्रफलमा अहिले केराखेती हुँदै आएकामा ४३ हजार एक सय ९३ मेट्रिक टन उत्पादन हुन्छ ।

उत्पादनको २० प्रतिशत केरा चितवनले ओगट्ने जनाउँदै सङ्घका उपाध्यक्ष सुवेदीले पूर्वी चितवनको रत्ननगर, खैरहनी, राप्ती र कालिका नगरपालिकामा बढी केराखेती हुने गरेको बताउनुभयो । रासस

# कालिज फार्ममा पसेको चितुवाको जीवितै उद्धार

पर्वत । जिल्लाको जलजला गाउँपालिका-५ कुवापानीबाट एउटा चितुवा नियन्त्रणमा लिइएको छ । स्थानीय हर्कबहादुर पुनको 'एनिपादह कृषि तथा पशुपक्षी फार्म'मा बुधबार दिउँसो छिरेको चितुवा नियन्त्रणमा लिइएको हो ।

बुधबार दिउँसो पसेको चितुवालाई शुक्रबार बिहानमात्र नियन्त्रणमा लिन सफल भएको जिल्लास्थित डिभिजन वन कार्यालयले जनाएको छ । पोखराबाट आएका वन्यजन्तु उद्धार टोलीले कार्यालयका वन अधिकृत रामबहादुर विकको नेतृत्वमा चितुवालाई जीवितै उद्धार गरी नियन्त्रणमा लिइएको विकले जानकारी दिनुभयो । बिहीबार साँझ फार्ममा पुगेको उक्त टोलीले रातभर प्रयास गरेपछि आज बिहान उद्धार गरेको उहाँले बताउनुभयो ।

उद्धार गरिएको चितुवालाई सुरक्षित स्थानमा लगेर छाडिने वन अधिकृत विकले उल्लेख गर्नुभयो । चितुवा ४० किलो तौलको छ भने करिब सात वर्ष हुनसक्ने उहाँले अनुमान गर्नुभयो ।

फार्मभित्र पसेर चितुवाले ३० वटा कालिज मारेको छ भने सयौँ कालिज चितुवा पस्ने बेला जालीबाट भागेका कृषक पुनले जानकारी दिनुभयो । रासस

# प्रदेश सभामा उठ्यो राजविराजको विटौरी जग्गाको समस्या

**टुडे समाचारदाता**



राजविराज । मधेश प्रदेशको प्रदेशसभा बैठकमा राजविराज नगरपालिका क्षेत्र भित्र रहेको विटौरी जग्गाको समस्या समाधान बारे सरकारको ध्यानाकर्षण गराइएको छ ।

प्रदेशसभा सदस्य किरणकुमारी साहले प्रदेशसभाको शुक्रबारको बैठकमा विटौरी जग्गाको समस्या समाधान गर्न माग गर्दै प्रदेश सरकारको ध्यानाकर्षण गराएकी छन् ।

राजविराज नगरपालिका क्षेत्रमा बसोबास गर्ने ५ हजार २ सय परिवार वर्षौंदेखि लालपूर्जा आफ्नो नाममा प्राप्त गर्न नसकेको तथा नक्सा पास समेत रोकिदा समस्यामा परेको भन्दै उनले छिटो भन्दा छिटो समाधान खोज्नु पर्ने माग समेत गरिन् ।

२०१६ सालमै नगरपालिका घोषणा भइ नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँ पुस्तौंदेखि बसोबास गर्दै आएका करिब ५ हजार २ सय परिवार वर्षौंदेखि लालपुर्जा पाउन नसक्दा समस्यामा छन् । जग्गा वापतको नगरपालिकाबाट पाएको विटौरी रसिदको आधारमा बसोबास र समस्यामा परेका बेला सोही विटौरी रसिदमा उल्लेखित जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट वञ्चित भएको भन्दै उनले सरकारको ध्यानाकर्षण गराइन् ।

“विगत ८ वर्ष देखि श्रेस्ता र कम्प्यूटरमा कुनै रेकर्ड नभएको भन्दै मालपोत कार्यालयले रोक्का गर्न मान्दैनन्, प्रदेश साँसद साहले भनिन-जस कारण राजविराज नगरपालिकाका ५ हजार भन्दा बढी परिवार बैंक तथा वित्तिय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट वञ्चित भएका छन् ।”

विटौरी जग्गाको वर्षौंदेखि कर लिने गरेको राजविराज नगरपालिकाले लालपूर्जा र नक्सा पास उपलब्ध नगराउँदा बैंक तथा वित्तीय संस्थाले त्यस्तो जग्गा धितो राख्न लिन मानेका छैनन्, साहले भनिन्- जसकारण राजविराजको व्यापार व्यवसाय चौपट हुनुका साथै शिक्षा, उपचार र व्यापारिक कारोबारलगायतका काम गर्न पनि नगरवासीलाई समस्या परेको छ ।

पुस्तौदेखि वसोवास गर्दै आएको आफ्नै जग्गा पनि समस्या पर्दा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन नपाउनु दुःखद भएको भन्दै उनले अविलम्ब सो समस्या समाधान गर्नुपर्ने माग गरिन् ।

# उपभोक्ता समितिमार्फत निर्माण कार्य नगराउन मुख्यमन्त्रीसंग माग

**टुडे समाचारदाता**



जनकपुरधाम । उपभोक्ता समितिमार्फत निर्माणका कामहरु नगराउन मधेश प्रदेश सरकारसँग धनुषा निर्माण व्यवसायी संघले माग गरेको छ । शुक्रबार संघका अध्यक्ष अशोककुमार चौधरीको अगुवाइमा पदाधिकारीसहितको टोलीले मुख्यमन्त्री सतीशकुमार सिंहलाई ज्ञापनपत्र बुझाएका छन् ।

संघले सार्वजनिक खरिद ऐन र नियमावलीको उल्लंघन नगरी प्रदेशका विकास निर्माण कार्यहरूमा पारदर्शिता र मापदण्डको पालनालाई सुनिश्चित गर्न माग गर्दै मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।

सो ज्ञापनपत्रमा प्रदेशका केही सरकारी कार्यालयहरूले विकास निर्माणका बजेटलाई रोक्ने, बोलपत्र प्रक्रिया नहुँदै उपभोक्ता समितिमार्फत निर्माणका काम गर्ने गरेको उल्लेख गरिएको छ । सार्वजनिक खरिद ऐनको दफा ४४ को मर्म विपरीत सो कार्यहरु भइरहेको भन्दै संघले आपत्ति जनाएको छ ।

संघका अध्यक्ष चौधरीले भने, “यो प्रक्रिया स्थानीय निर्माण व्यवसायीहरूलाई वञ्चित गर्ने, आर्थिक अनियमितता बढाउने, र राज्यको राजस्व गुमाउने खतरा बढाउँछ । यस्ता कार्यहरूले राजनीतिक कार्यकर्ताहरूसम्मलाई पोस्ने, भ्रष्टाचारको वातावरण सिर्जना गर्ने र समग्रमा राज्यको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्न सक्छ ।”

सो ज्ञापनपत्रमा सार्वजनिक खरिद ऐनको दफा ४४ अनुसार उपभोक्ता समितिमार्फत निर्माण कार्य गर्न सकिने भए तापनि यसका लागि मितव्ययिता, गुणस्तर र दिगोपनाका मापदण्डहरू पुरा गर्नुपर्ने र केवल त्यस्ता कार्यहरूलाई मात्र अनुमति दिनु पर्ने स्पष्ट गरिएको छ । यसका साथै सार्वजनिक खरिद नियम ९७ (क) ले उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा श्रमिक प्रयोग गर्नुपर्ने र हेभी मेसिनको प्रयोग भएमा सम्झौता रद्द हुने व्यवस्था रहेको भन्दै उल्लेख गरिएको छ । प्रदेश सरकारको नीति तथा कार्यक्रम अन्तर्गत १४७ बुँदामा ठूला विकासे योजनाहरु निर्माण व्यवसायीमार्फत गरिने व्यवस्था भएको स्मरण गराउँदै सोही अघि बढ्न मुख्यमन्त्री सिंहको ध्यानाकर्षण उनीहरुले गराएका छन् ।

यस घटनाले उपभोक्ता समितिबाट गरिने मेसिन तथा प्रविधि प्रयोग गरिने निर्माण कार्यलाई समाप्त गर्न र सम्पूर्ण विकास निर्माणका कामहरूलाई बोलपत्र प्रक्रियाद्वारा मात्र गर्नुपर्ने माग गरेको अध्यक्ष चौधरीले बताए । यसले पारदर्शिता, प्रतिस्पर्धा र गुणस्तरको सुनिश्चितता गर्न सकिने उनको भनाइ छ । संघले अबको समयदेखि प्रदेशका सबै निर्माण कार्यहरूलाई खुला बोलपत्र प्रक्रिया मार्फत मात्र सम्पन्न गर्न सरकारसँग आग्रह गरेको छ । उपभोक्ता समितिबाट निर्माण कार्य गर्नाले स्थानीय निर्माण व्यवसायीहरूको अवसरहरू खोसिने र आर्थिक अप्ठ्यारो निम्तिने संघको ठहर गरेको छ ।

संघले मधेश प्रदेश सरकारसँग विकास निर्माणका कामलाई व्यवस्थित र कानुनी दायरामा राख्नका लागि आवश्यक कदम चाल्न आग्रह गरेको छ ।

मुख्यमन्त्रीलाई बुझाइएको पत्रमा संघले उपभोक्ता समितिमार्फत गरिने कामले स्थानीय व्यवसायीको अवसर खोस्ने भन्दै यस्तो प्रक्रिया तुरुन्त रोक्न जोडदार माग गरेको छ ।

# थ्रेस होल्डको डरले नजिकिदै मधेशवादी दलहरु

ब्लग :



**श्यामसुन्दर शशि**

जाडो मौसमको ‘मिनपचास’ चलिरहेको बेला बिहीबार पश्चिमको पर्यटकीय नगर पोखरामा गजबको गर्मी थियो । उत्साही युवाहरु नराबाजी गर्दै थिए- ‘रवि लामिछाने जिन्दावाद । सम्मानित अदालतमाथिको विश्वास अझ दरिलो भयो ।’ ८४ दिनदेखि प्रहरी हिरासतमा रहेका पार्टी सभापति लामिछाने ६५ लाख धरौटी बुझाएर छुटेपछि, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता कार्यकर्ताहरुमा देखिएको यस उत्साहलाई अस्वाभाविक भन्न सकिदैन ।

तर पर्यटकीय नगरी पोखरा, उत्साहमा फनफनी उर्फी रहेको बेला धार्मिक नगरी जनकपुरधामका युवाहरु भने गम्भीर विमर्शमा थिए । काठमाण्डुदेखि कञ्चनपुर कैलालीसम्मका मधेशवादी दलका नेताहरु आ-आफ्ना दलको भविष्यप्रति चिन्तित थिए । चिन्ताको कारण थियो- निर्वाचन आयोगको थ्रेस होल्ड सम्बन्धी कानुन परिमार्जन सम्बन्धी प्रस्ताव ।

एउटै उद्देश्य, एउटै भोट बैंक, एक जस्तै समस्या र एउटै सांस्कृतिक पहिचान भएका नेताहरुले व्यक्तिगत स्वार्थका लागि संचालन गरेका फरक फरक राजनीतिक दलरुपि पसलहरुका खुद्रा बिक्रेताहरुको यो चिन्ता स्वाभाविक पनि हो । कारण अचेल निर्वाचन आयोगले परिमार्जन गर्न प्रस्ताव गरेको थ्रेस होल्ड सम्बन्धी प्रस्ताव कानुनको स्वरुप ग्रहण गर्यो भने मधेशमा खुलेका अधिकांश खुद्रा पसल (राजनीतिक दल) हरुमा ताल्चा लाग्छ । हाल प्रचलनमा रहेको थ्रेस होल्ड सम्बन्धी कानुन अनुसार, प्रतिनिधि सभाका लागि ३ प्रतिशत र प्रदेश सभाका लागि १ दशमलव ५ प्रतिशत थ्रेस होल्ड कायम गरेको छ । थ्रेस होल्ड भनेको समानुपातिक तर्फ (दल विशेषलाई) मतदाताहरुले मतदान गरेका कुल सदर मतको सम्बन्धित दल विशेषले प्रतिनिधिसभाको हकमा ३ प्रतिशत र प्रदेश सभामा १ दशमलव ५ प्रतिशत मत ल्याए मात्र समानुपातिक सांसद हुन पाउने प्रावधान छ ।

तर प्रतिनिधिसभामा ३ प्रतिशत थ्रेस होल्ड हुँदा पनि प्रत्यक्षतर्फ १० सिट जितेको माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी, ४ सिट जितेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र ३ सिट जितेको नागरिक उन्मुक्ति पार्टी संघीय संसदमा एउटा पनि समानुपातिक सिट पाउन सकेन । अर्कोतर्फ थ्रेस होल्ड कटाउन सकेको राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ पनि ७ सिट जित्न सफल भयो । प्रत्यक्षतर्फ एकमात्र सिट जितेको जनमत पार्टी समानुपातिक तर्फ ५ सिट जित्न सफल भयो । थ्रेस होल्ड कटाएकै कारण प्रत्यक्षमा १८ मात्र सिट जितेको नेकपा माओवादी केन्द्र समानुपातिकमा १४ सिट जितेर प्रतिनिधिसभाको तेश्रो ठुलो दल बन्न भ्यायो । फेरि हामीले के पनि बुझ्नु पर्दछ भने थ्रेस होल्ड कटाउन नसक्ने दलहरुले पाएको समानुपातिक मतभार बमोजिमको सिट थ्रेस होल्ड कटाउने ठुला दलहरुको खातामा जान्छ ।



यस प्रकार ३ प्रतिशत थ्रेस होल्डको कारणले १० सिट जितेको सातौं सबभन्दा ठुलो दल एकीकृत समाजवादी पार्टीले संघीय संसदमा एउटै समानुपातिक सिट प्राप्त गर्न सकेन भने थ्रेस होल्ड ५ प्रतिशत बनाउँदा टुक्राटुक्रामा विभाजित मधेशसवादी दलहरुको हविगत २०८४ को निर्वाचनमा के होला ?

निर्वाचन आयोगको यस प्रस्तावले मधेशवादी दलहरुको चिन्ता बढाउनु स्वाभाविक हो । गीतामा भनिएको जे हुन्छ, राम्रैको लागि हुन्छ । हो, थ्रेस होल्डको डरले मधेश र मधेशवादीदलहरु एक थलोका बस्न लागेका छन् । एकीकरणदेखि कार्यगत एकताको प्रस्तावमा छलफल गर्न थालेका छन् । संयुक्त आन्दोलनको झ्याली पनि पिट्न थालेका छन् ।

हेरौ, थ्रेस होल्ड सम्बन्धी प्रस्तावबारे के भन्छन् मधेशवादी दलका नेताहरु-

- चोरबाटोबाट ठूला पार्टीमा मत जोड्ने थ्रेसहोल्डको प्रावधान आमजनतालाई स्वीकार्य हुन सक्दैन, दुई दलीय तानाशाही नेपाललाई चाहिएको छैन ।
- सीके राउत, अध्यक्ष, जनमत पार्टी
- बहुदलीय शासन व्यवस्था विपरीत दुई दलीय व्यवस्था लाद्ने प्रयास गर्न खोजिएको छ । यो स्वीकार्य हुन सक्दैन ।
- मनिष सुमन, प्रवक्ता, जसपा नेपाल
- थ्रेसहोल्ड बढाउने कुरा संघीयताको मर्म र भावना विपरीत छ । क्षेत्रीय समस्यामुखरित पार्न सदनमा विभिन्न पार्टीको उपस्थिति चाहिन्छ ।
- जितेन्द्र सोनल, वरिष्ठ उपाध्यक्ष, लोसपा

*(स्रोतः कान्तिपुर, पुस २६,२०८१)*

दुनियाको इतिहासमा दुर्लभ देखिने दृश्यगत असारमा नेपालको संसदमा देखिएको थियो । जब सदनको सबभन्दा ठुलो दल नेपाली कांग्रेस र दोश्रो ठुलो दल नेकपा एमाले सात बुँदे सम्झौताको आधारमा एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनाएको थियो । झण्डै दुई तिहाई बहुमतको सरकारको प्रमुख कार्यभार थियो- ‘स्थिर सरकार र संविधान संशोधन ।’ तर राजनीतिक विश्लेषक तथा मधेशवादी दलका नेताहरुले त्यतिबेलै चिन्ता जनाएका थिए- ‘दुई ठुला दल मुलुकमा दुई दलीय व्यवस्था लाद्न खोज्दैछ ।’ नभन्दै थ्रेस होल्ड सम्बन्धी प्रस्तावले राजनीतिक विश्लेषक तथा मधेशवादी दलका नेताहरुको त्यतिबेलाको आशंका छताछुल्ल भएको छ । संघीय संसदमा ५ र प्रदेश संसदमा ३ प्रतिशतको थ्रेस होल्ड कायम गरियो भने मधेशवादी दलहरु झन् कमजोर हुने पक्का हो । यसबाट जोगिने एउटै उपाय हो- सम्पूर्ण मधेशवादी दलका नेताहरु व्यक्तिगत स्वार्थ, महत्वकांक्षा र दुश्मनीलाई थाति राखि एक ढिक्का हुनु पर्दछ । आगे,मसिहाहरुको मर्जी ।।

# जवाफदेहिता र पारदर्शिताका लागि आवाज उठाउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । युवालाई लोकतन्त्रको अस्त्र, सुशासनका लागि अभिव्यक्ति तथा स्वतन्त्रता तथा रचनात्मक क्रियाकलापमार्फत आवाज उठाउनका लागि वक्ताहरुले आग्रह गरेका छन् ।

जनकपुरधाममा शुक्रबार युवा आवाजलाई लोकतान्त्रिक जवाफदेहिताको क्षेत्रमा सशक्त बनाउने उद्देश्यले ‘आर्टिभिजम कार्यक्रम’ गरिएको छ । सो कार्यक्रममा कला तथा संवादमार्फत समुदायलाई सशक्त बनाउने कार्यलाई प्राथमिकता दिएको छ ।

पहिलो सत्रमा भएको “संघीयतापछि मधेशमा कस्तो छ लोकतान्त्रिक जवाफदेहिता ?“ विषयक छलफलमा

सामाजिक अभियन्ता राकेश मिश्रले संघीयताको भावना अनुरुप संविधान लागु भएपछि मधेशको राजनीतिक परिप्रेक्ष्य र लोकतान्त्रिक जवाफदेहितामा भएका सकारात्मक परिवर्तनका लागि अघि बढ्नुपर्ने बताएका छन् ।

उनले संविधानमा अनेकन संशोधनका लागि आवश्यक रहे पनि मुख्य राजनीतिक दलहरु आफैमा रुमलिँदा संविधानमाथि विभिनन खाले प्रश्न तेर्सिएको बताए ।

तराई मधेश लोकतान्त्रिक पार्टीकी नेतृ विन्दु ठाकुरले मधेशमा अझै पनि आन्दोलनको आवश्यक रहेको बताइन् । उनले मधेशमा मधेशी र महिलामाथिको विभेद भइरहेको भन्दै सोको विरोध गरिन् । उनले लोकतान्त्रिक प्रक्रिया अनुसार जनताको भावनाको कदर गरी संविधान संशोधन गर्नुपर्ने बताइन् ।

त्यस्तै युवा अभियन्ता मनोज साहले संघीयता, संविधान, लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुसार पारदर्शिता, सुशासनलगायतका विषयवस्तुमाथि पनि छलफल बहस हुनुपर्ने बताए । सो कार्यक्रम दिवाकर उप्रतीले सञ्चालन गरेका थिए ।




त्यस्तै दोस्रो सेसनमा ‘लोकतान्त्रिक जवाफदेहितामा युवा : हिजो, आज र भोलि’ विषयमा एक आकर्षक छलफल गरिएको छ । सो सेसनमा राजर्षि जनक विश्वविद्यालयका सहायक प्राध्यापक अशोक साह, पूर्व प्रदेश सांसद मञ्जु यादव, अर्थशास्त्री डा. शिला मिश्र र अभियन्ता रोशन झा सहभागी थिए ।

कार्यक्रममा वक्ताहरुले मधेसको सन्दर्भमा शिक्षा, आर्थिक संकट तथा युवामा विचारको सवलिकरण हुन नसक्दा प्रश्नको आधारहरु बन्द हुँदै गएको बताए । उनिहरुले आर्थिक संकटमा युवाले राज्यबाट पाउने हरेक विषयमा सहयोग नपाउँदा समेत युवाहरुले निराश प्रकट गरेको बताए । उक्त छलफलमा विचार र वहसकै माध्यमबाट आलोचनात्मक चेत निमार्णको थालनि गरे गुनासो नभएर प्रश्नको आधार युवामा बन्ने वक्ताहरुले बताए ।

सो कार्यक्रमको उद्देश्य जनसमूहमा जागरूकता र सशक्तिकरण फैलाउनु रहेको आयोजक संस्था कायापलटले जनाएको छ । कार्यक्रमका वक्ताहरुले स्थानीय समुदायको राजनीतिक र सामाजिक सन्दर्भमा प्रगति र सुधारका बारेमा महत्वपूर्ण विचार प्रस्तुत गरेका थिए । यसै कार्यक्रम अन्तरगत शनिबार ‘सुरक्षित घर अप्पन अधिकार’ नारासहित ‘भुमीहिनको कथा : समस्यादेखि समाधान सम्म’ हुने आयोजक संस्थाले जनाएको छ ।

जनकपुरधामस्थित राम चोकमा भएको कार्यक्रममा प्रदर्शनीसमेत गरिएको थियो ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८